वर्ष– २, अंक– १, बैशाख २०७२

# चिया कृषक समाचारपत्र

# Tea Farmer Newsletter

## केन्द्रीय चिया सहकारी संघ



### संघको परिचय :

नेपालमा चियाखेतीको शुरूवात वि.स. १९२० मा गजराज सिह थापाले इलाम चिया कमानबाट शुरू भएयता वि.स. २०२८ साल तिरबाट इलामलगायत विभिन्न जिल्लामा साना किसान स्तरमा चिया खेतीको शुरूवात भई भएको पाइन्छ । वि. स. २०३९ सालमा पूर्वाअञ्चलका ५ जिल्लाहरु इलाम, झापा, पाँचथर, धनकुटा, तेह्रथुम लाई चिया क्षेत्रको रूपमा राज्यबाट घोषणा भए सँगै चिया क्षेत्रमा किसानहरूको पनि सहभागिता वृद्धी हुँदै गयो र राष्ट्रिय चिया नीति २०५७ घोषणा भए बाट किसानहरु अझ चिया क्षेत्रमा आकर्षित हुँदै गए । यसै शिलशिलामा विभिन्न जिल्लाहरूमा चियाका समूह तथा सहकारीको गठन पनि हुँदै गयो । हालसम्म १८ हजार भन्दा बढी किसानहरूका साथै ८० हजार भन्दा बढी व्यक्तिहरूले प्रत्यक्ष रोजगारी प्राप्त गरेको विश्वास गरिएको छ ।

यसै अवस्थामा चिया सहकारी र चिया सहकारी संघको माध्यमवाट संघ र सदस्य संस्थाहरूको चिया कृषक सदस्यहरूको आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक रूपमा बिकास गर्न सहयोग पुऱ्याउने तथा व्यवसायिक विकासमा टेवा दिने र राष्ट्रिय स्तरमा नेपालको सहकारी अभियानमा चिया सहकारीहरूको नेतृत्वदायी भूमिका निर्वाह गर्नेलगायतका मुख्य लक्ष्यका साथ चिया उत्पादक जिल्ला सहकारी संघहरु र चियाका प्रारम्भिक सहकारी संस्थाहरूको सहभागितामा वि.स. २०६६ साल जेष्ठ २४ गते पहिलो प्रारम्भिक भेला र वि.स. २०६७ साल श्रावण २८ गते दोस्रो भेला इलाममा बसी केन्द्रीय चिया सहकारी संघ लिमिटेड गठन गर्ने निर्णय गऱ्यो । यस पछि औपचारिक रूपमा मिति २०६७ भदौ ३१ गते विधिवतरूपमा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय सहकारी विभागमा नेपालभरका चिया सहकारी कृषकहरूको छाता संगठन केन्द्रीय चिया सहकारी संघको रूपमा नेपालभर कार्यक्षेत्र राखेर दर्ता न. १८/०६७/०६८ मा दर्ता भएको हो । केन्द्रीय चिया सहकारी संघ लि. नेपालको चिया सहकारीहरूको एक मात्र सर्वोच्च छाता संगठन हो । इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, झापा, भोजपुर, उदयपुर, ललितपुर, संखुवासभा, ताप्लेजुङ्ग, सोलुखुम्बु, रामेछाप सहित १३ जिल्लाका ८८ चियाका सहकारीहरु र ५ वटा चियाका

थप पृष्ठ: ३ र ४ मा

## पहाडमा प्रांगारिक चिया

इलाम जिल्लामा १८६३ बाट चिया रोपण शुरू भएर १८७८ मा पहिलो चिया कारखाना नेपालमा शुरू भएको इतिहासले देखाउछ । त्यस पछिका दिनमा पहाड, तराईमा चिया खेति क्रमशः बढि राखेको छ ।

विस्तृत पृष्ठ: १९ मा

## आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी

सहकारी आन्दोलन सामाजिक न्याय, उत्पादकत्व वृद्धि र वैज्ञानिक प्रयोगद्वारा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा लोकतान्त्रिक आर्थिक आधार व्यवस्थापन विधि सहितको व्यवसायिक संरचना हो ।



विस्तृत पृष्ठ: २१ मा

## यस अंक भित्र


- एग्रीटेरा नेदरलेण्डको केन्द्रीय चिया सहकारी संघ लि. नेपालमा भ्रमण
- प्रांगारिक प्रमाणिकरण प्रक्रिया
- एशियन फार्मर एशोसिएसन फर सस्टेनएबल रूलर डेभलपमेन्ट को केन्द्रीय चिया सहकारी संघमा अवलोकन भ्रमण

## प्रकाशक

**प्रकाशक**
**केन्द्रीय चिया सहकारी संघ लि. नेपाल,**
**इलाम नगरपालिका २ इलाम**

**Central Tea Cooperative Federation Ltd. (CTCF) Nepal**

फोन न. : **०२७-५२१७१४**

वेब साइट : **www.ctcf.org.np**

इमेल : **ctcfnepal@yahoo.com**
**info@ctcf.org.np**

**सम्पादन तथा प्रकाशन समिति**

संयोजक : **रविन राई**

सदस्य : **शंकर खनाल**

सदस्य : **इन्द्र सारू मगर**

सदस्य: **विमला राई**

सदस्य : **निरन्ती तुम्वापो**



# सम्पादकीय

केन्द्रीय चिया सहकारी संघले गत वर्षबाट संघले गरिरहेको गतिविधि, प्राविधिक जानकारी, सफलताको कथा, सहकारी लेख रचना, जानकारीमुलक सूचनाहरूलाई समेटेर सबै सरोकारवाला निकाय तथा सहकारी र चिया कृषकहरूमा पुऱ्याउने उद्धेश्यले चिया कृषक समचार पत्र प्रकाशन गर्न शुरू गरेको छ । यसै क्रममा यहाँहरूको सहयोगबाट दोस्रो अंक प्रस्तुत गर्न पाउदा अत्यन्तै खुसी लागेको छ ।

नेपालका सबै चिया कृषकहरूलाई चिया सहकारीहरूमा आवद्ध गराई चिया सहकारीको माध्यमबाट समर्ग चिया क्षेत्रको विकासमा सहयोग पुऱ्याउने हेतुले केन्द्रीय चिया सहकारी संघले राज्यका विभिन्न निकायहरु तथा विभिन्न सहयोगी संघ संस्थाहरूसँग समन्वय गरी कार्यक्रमहरु अगाडि बढाइरहेको छ । सदस्य संघ तथा सहकारीहरूको संस्थागत क्षमता अभिवृद्धी, प्राविधिक सहयोग, सल्लाहकारीय सहयोग तथा चिया क्षेत्रको समस्याहरूलाई समाधानका लागि राज्य तथा विभिन्न सरोकारवाला सहयोगी संघ संस्था तथा अन्य निकायहरूमा वहस र पैरवी गरिहेको छ । राष्ट्रिय चिया नीति संशोधन, सहकारी र किसानमैत्री नीति, उत्पादन, प्रशोधन र वजारीकरणमा गरिनु पर्ने सहयोग, सहकारी तथा किसानहरूलाई सुलभ व्याजदरको ऋण सुविधा, वजारीकरणको सवालमा चियाको अक्सन मार्केट स्थापना, हरियो पत्तिको समर्थन मुल्य तोक्ने, विषादी रहित चिया उत्पादन तथा अर्गानिक प्रमाणिकरणलगायतका सवालहरूमा निरन्तर रूपमा संघले पैरवी गरिरहेको छ । सहकारी तथा किसानको समस्याहरूलाई उठान गरी लिपिवद्ध रूपमा सम्वन्धित निकायहरूमा ध्यानाकर्षण गराउनेदेखि समाधानको उपाय सहितको छलफल, सुझाव र अन्तरक्रियाहरु भइरहेको छ । सिमित स्रोत र साधनले चाहेका सबै कार्यहरु गर्न असम्भव छ त्यसैले संघले रणनैतिक योजना तर्जुमा गरी कार्यहरूलाई प्राथमिकिरण गरी कार्यक्रमहरूलाई अगाडि वढाउने जमर्को गरिरहेको छ । यसको लागि सबै सदस्य संघ संस्था र चिया किसानहरूको सबै खाले सहयोगसँगै प्रतिवद्धताको आवश्यक पर्दछ । सदस्य संघ संस्था तथा चिया कृषकहरूको सहयोग विना संघले चाहेको उद्धेश्य पुरा हुन सक्दैन । यसको लागि सबै सदस्य संघ, सहकारी र चिया कृषकहरूलाई सहयोगको लागि हार्दिक अनुरोध गर्दछौ ।

सन् २०१५ लाई सयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय माटो वर्ष "2015 International Year of Soil " स्वस्थ जीवनको लागि स्वस्थ माटो ( Healthy Soils for a Healthy Life ) भन्ने नाराका साथ दिगो विकासको अवधारणा अनुरूप माटो वर्षको रूपमा घोषण गरेको छ । नेपालको चिया क्षेत्रको सन्र्दभमा अधिकांश ७० प्रतिशत भन्दा वढी चिया किसानहरूबाट उत्पादन हुने गरेको र जसमा परिवारमा आधारित किसानहरु, परिवारका सदस्य आफै सहभागी भएर उत्पादन गरिरहेको अवस्था छ । जहाँ किसानहरूको माटो सँग प्रत्यक्ष सम्वन्ध गासिएको छ । त्यसैले यस सन् २०१५को माटो वर्षलाई सवैले स्वस्थ जीवनको लागि स्वस्थ माटो भन्ने नाराका साथ अर्गानिक पद्धतीबाट रासायनिक विषादी रहित चिया खेती गर्ने गराउने, वातावरणीय संन्तुलन कायम गराई स्वस्थ माटो राख्न र स्वस्थ रुपमा जीउनको लागि मद्धत पुगोस भन्ने अभियानमा लाग्न सवैलाई अपिल गर्दै राज्यसँग पनि यसलाई प्रत्यक्ष सहयोग पुग्ने क्रियाकलापमा सहयोग गर्न अनुरोध गर्दछौ ।

अन्तमा यस समचार पत्र प्रकाशनमा लेख रचना उपलब्ध गराईदिनु हुने र सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यावाद सहित नयाँ वर्ष २०७२ को पावन अवसर र १८ औ राष्ट्रिय चिया दिवस २०७२ वैशाख १५ को अवसरमा सम्पूर्ण चिया कृषक, चिया सहकारी, उद्यमी, व्यापारी, मजदुर, चिया उपभोक्ता, सहकारीकर्मी एवं सहकारी तथा गैर सहकारी संघ संस्था एवम् देश विदेशमा रहनुहने सम्पूर्ण नेपाली दाजु भाई तथा दिदी वहिनीहरूमा सुख, शान्ति, समृद्धिको मंगलमय कामना सहित हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौ ।

पृष्ठ: १ बाट जारी

जिल्ला संघहरु सहित हाल सम्म ५५०० घर परिवार सदस्य रहेको छ ।

यस संघले हाल आएर नेपाल सरकार,राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, राष्ट्रिय सहकारी विकास वोर्ड, राष्ट्रिय सहकारी संघ, विषयगत केन्द्रीय संघहरु, राष्ट्रिय सहकारी वैक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु टिसेक नेपाल, एस एन भि नेपाल, एग्रीटेरा नेदरलेण्ड, उन्नती, विभिन्न उद्योग र कम्पनीहरुसँग सहकार्य गरेर चिया क्षेत्रको समर्ग विकासको लागि विभिन्न कार्यक्रमहरु गरिरहेको छ ।

## संघको ४ वर्षे रणनैतिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

संघले एग्रीटेरा नेदरलेण्डको आर्थिक तथा प्राविधिक सहयोगमा विगतको योजनाहरुको पुर्नमुल्याङ्न गरी आगामी ४ बर्षको लागि सन् २०१५ वाट सन् २०१८ सम्मको लागि रणनैतिक योजना तर्जुमा गर्न इलामको सुनगाभा विकास संस्थाको हलमा मिति २०७१ मंसिर ६ देखि १० सम्म कार्यशाला गोष्ठी सम्पन गरेको छ । उक्त गोष्ठीमा संघको संचालक समिति, लेखा समिति, कर्मचारीलगायत चिया उत्पादक सहकारी संघहरुको अध्यक्ष तथा प्रतिनिधी र प्रारम्भिक चिया सहकारी संस्थाका प्रतिनिधिहरु सहित २३ जनाको सहभागिता थियो भने गोष्ठीको सहजिकरण एग्रीटेरा नेदरलेण्डका Erni Van Wingerden र Edwin Oonk ले गर्नुभएको थियो । कार्यशाला गोष्ठिले आगामी वर्षमा संघको दिगो आर्थिक स्रोतहरुको लागि आन्तरिक स्रोत व्यवस्थापन जस्तै सेवा शुल्क वृद्धी, बीउ पुँजी कोषको वृद्धी, दक्ष जनशक्ति उत्पादन आदिमा जोड दिंदै, विभिन्न सहयोगी दातृ संघ संस्थाहरुसँग सम्वन्ध विस्तार गरी विभिन्न कार्यक्रमहरु सदस्य सहकारी मार्फत चिया कृषकहरुमा पुऱ्याउने, सहकारीहरुको क्षमता विकासका लागि विभिन्न तालिमहरु, सुलभ व्याजदरको ऋण सहुलियत उपलब्ध गराउन सहयोग गर्ने, चियाको उत्पादन तथा विस्तारको लागि प्राविधिक तालिम, अर्गानिक चिया उत्पादन तथा विस्तारमा जोड दिने, सहकारी चिया प्रशोधन उद्योगहरु स्थापना र संचालन गर्नमा सहयोग पुऱ्याउने, चियाको वजारीकरणमा सहयोग पुऱ्याउने, चिया कृषक तथा सहकारीहरुले भोगिरहेका समस्यता तथा चिया क्षेत्रका समर्ग समस्याहरुलाई समाधान गर्न राज्य तथा सम्वन्धित निकायहरुसँग नीतिगत सुधार तथा अन्य सहयोगको लागि प्रभावकारीरुपमा बहस र पैरवी गर्ने लगायतका रणनीतिहरु तयार पारिएको छ । संघको निम्नानुसारको दुरदृष्टी, ध्येय, लक्ष्य तथा उद्धेश्यहरु आगामी चार वर्षको लागि राखिएको छ ।

१. **दुरदृष्टी** : "दिगो चिया सहकारी समुन्नत कृषक"

२. **ध्येय** :

चिया क्षेत्रको विकासको निम्ति उपयुक्त नीतिगत व्यवस्थाको लागि वहस र पैरवी गर्दे चिया सहकारीहरुलाई व्यवसायिक अर्गानिक चिया खेती उत्पादन, प्रशोधन, वजारीकरणमा सहयोग गर्दै वातावरणीय संन्तुलन कायम गर्ने ।

३.**लक्ष्य** :

संघमा दक्ष जनशक्ति उत्पादन गर्दै सदस्य संस्थाहरुको क्षमता विकासको लाई प्रभावकारी सेवा प्रदान गर्नका लागि निम्न मुख्य लक्ष्यहरु रहको छ ।

- व्यवसायिक, सवल तथा सक्षम सदस्य सहकारीहरु वनाउने




*संघको ४ वर्षे रणनैतिक योजना तर्जुमा कार्यशालामा सहभागीहरु*

- प्रभावकारी वहस र पैरवी गर्ने
- चिया सहकारीको वजारीकरणमा सुधार ल्याउने
- संघको दिगो आर्थिक स्रोतहरुको व्यवस्था गर्ने

४. **मुख्य उद्धेश्यहरू** :

- राष्ट्रिय चिया नीति २०५७ संसोधन सहित परिमार्जन गरी गर्न र चिया सहकारी र कृषकहरुलाई लाग्ने कर छुट गराउन वहस र पैरवी गर्ने ।
- नेपालमा तयारी चियाको विक्री लिलाम केन्द्र (अक्सन मार्केट) स्थापना गर्न पैरवी गर्ने र सहकारीहरु वाट उत्पादित तयारी चिया वजारीकरणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारहरुसँग समन्वय गराउने ।
- हरियो चिया पत्तिको उपयुक्त मूल्य निर्धारण गर्न, नियमित हरियो पत्तिको पेमेन्ट गर्नका लागि चिया प्रशोधन कारखाना तथा सहकारीहरुको विचमा समन्वय गराउने ।
- सदस्य चिया सहकारीहरुलाई सुलभ व्याजदरको ऋण सहुलियतका लागि नेपाल राष्ट्र वैक, युवा तथा साना व्यवसायी स्वरोजगार कोष तथा अन्य वित्तिय संस्थाहरुसँग सम्वन्ध स्थापना गराउने तथा आवश्यक कागजात तयार गर्न सहयोग गर्ने ।
- सहकारी चिया उद्योग स्थापना, अर्गानिक प्रमाणिकरण, अर्गानिक मलखाद तथा विषादी व्यवस्थापन (भर्मी कम्पोष्ट, गोठ सुधार, कम्पोष्ट पिट निमार्ण) तथा खरीदमा अनुदान तथा छुटका लागि राज्य तथा अन्य सहयोगी तथा दातृ निकायहरुमा पैरवी र वकालत गर्ने ।
- चिया प्रशोधन सहकारीहरुलाई तयारी चिया प्रशोधन तथा वजारीकरणमा सहयोग गर्दै उत्पादित तयारी चियाको वजारीकरणका लागि संघले तयार पारेको CO-OPERATIVE'S TEA कलेक्टिभ मार्क मार्फत विक्रि वितरणका लागि व्यवस्था मिलाउने ।
- सदस्य सहकारीहरुलाई संस्थागत क्षमता विकास तथा प्राविधिक तालिमहरु प्रदान गर्ने ।
- संघको दिगो विकासका लागि शेयरवृद्धी गर्ने, वीउ पुजीँ कोष वृद्धी गर्ने, सेवा शुल्क वृद्धी गर्ने, वजारीकरण (व्यवसायिक कोष) वृद्धी गरी आन्तरिक स्रोतलाई वद्धी गर्ने ।
- सहकारीहरुबाट उत्पादित तयारी चियालाई अन्तर्राष्ट्रिय वजारमा पँहुच विस्तार गर्ने ।

**५.मूल्य र मान्यता :**

- अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तमा आधारित ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा निकायहरूसँग प्रभावकारी समन्वय र वलियो सञ्जाल विस्तार ।
- सवै सदस्यहरूलाई समान व्यवहारसँगै व्यवसायिक माध्यमबाट रोजगारीको सृजना ।
- चिया किसानको हकहित तथा ऐक्यवद्धता ।
- सामाजिक रूपान्तरण र वातावरण सन्तुलन ।

**६.लक्षित समूह र प्राथमिकता क्षेत्र**

संघको लक्षित समूहहरु नेपालका करीव १८ हजार भन्दा वढी ग्रामिण क्षेत्रमा रहेको साना चिया कृषक समूह र सहकारीहरु नै हुन् । यस केन्द्रीय चिया सहकारी संघले खास गरेर सवै साना चिया किसान कृषकहरूलाई सहकारीमा आवद्ध गराई सहकारीको माध्यमबाट सामाजिक परिवर्तन, आर्थिक विकास, सांस्कृतिक रूपान्तरण र वातावरण सन्तुलन कायम राख्नको लागि सहयोग पुग्ने कार्यहरु गर्नेछ ।

संघले चिया सहकारीहरूको संस्थागत विकास, उत्पादनमा वृद्धी, प्रविधि हस्तान्तरण, वजारीकरण, समन्वय र सञ्जाल विस्तारमा सहयोग पुऱ्याउने छ । यसको साथै चिया सहकारीहरु र चिया कृषक मैत्री हित हुने गरी विद्यमान ऐन नियम तथा नीतिहरु परिवर्तन र कार्यन्वयन गर्न राज्य तथा अन्य सम्वन्धित निकायहरूसँग वहस र पैरवी गर्नेछ ।

## कार्यशाला गोष्ठीमा सहभागीहरुको नामावली

| क्र.सं. | नाम | ठेगाना | पद | फोन नं. |
|---|---|---|---|---|
| 1. | ऋषिराज घिमिरे | चिया उत्पादक सहकारी संघ ललितपुर | अध्यक्ष | 9851060730 |
| 2 | हर्क तामाङ् | केन्द्रीय चिया सहकारी संघ | सदस्य, आन्तरिक लेखा समिति | 9842675716 |
| 3 | भुना तामाङ् | केन्द्रिय चिया सकारी संघ | सञ्चालक सदस्य | 9842714634 |
| 4 | प्रेमराज गुरूङ् | चिया उत्पादक जिल्ला सहकारी संघ इलाम | अध्यक्ष | 9852673833 |
| 5 | देवि कुमारी राई | सुन्दरपानी चिया उत्पादक सहकारी संघ सूयोदय न.पा. इलाम | व्यस्थापक | 9842726470 |
| 6 | दावा तामाङ् | हिलटप चिया उत्पादक सहकारी संस्था लि. देउमाई न.पा. इलाम | अध्यक्ष | 9742613742 |
| 7 | श्याम कृष्ण सापकोटा | चुनढुङ्गा चिया उत्पादक सहकारी संस्था लि। ललितपुर | सदस्य | 9751003980 |
| 8 | निरन्ती तुम्बाप्पो | नाम्फुँङ्यक चिया उत्पादक सहकारी संस्था लि. फिदिम पाँचथर | सदस्य | 9842779170 |
| 9 | नन्द कुमार आङ्थुप्पो | चिया उत्पादक सहकारी संघ पाँचथर | अध्यक्ष | 9742622078 |
| 10 | शंकर खनाल | केन्द्रिय चिया सहकारी संघ | सञ्चालक सदस्य | 9852049041 |
| 11 | इन्द्र सारू मगर | चिया उत्पादक सहकारी संघ, धनकुटा | अध्यक्ष | 9842256277 |
| 12 | राजेन्द्र जबेगु | केन्द्रिय चिया सहकारी संघ | उपाध्यक्ष | 9842661563 |
| 13 | गोबिन्द प्रसाद दाहाल | केन्द्रिय चिया सहकारी संघ नेपाल | अध्यक्ष | 9852680492 |
| 14 | पूर्ण बहादुर मुखिया | केन्द्रिय चिया सहकारी संघ नेपाल | सञ्चालक सदस्य | 9852681561 |
| 15 | रविन राई | केन्द्रिय चिया सहकारी संघ नेपाल | महासचिव | 9842662759 |
| 16 | योगेश दाहाल | केन्द्रिय चिया सहकारी संघ नेपाल | वित्तिय अधिकृत | 9842646417 |
| 17 | चिरन्जीवी कट्टेल | केन्द्रिय चिया सहकारी संघ नेपाल | संयोजक आन्तरिक लेखा समिति | 9816930566 |
| 18 | दिपा राई | सगरमाथा चिया उत्पादक सहकारी संस्था भोजपुर | व्यवस्थापक | 9815721949 |
| 19 | भिम लिङ्खा | मकालु चिया उत्पादक सहकारी संघ लि. संखुवासभा | अध्यक्ष | 9842107959 |
| 20 | अम्बिका थापा | केन्द्रिय चिया सहकारी संघ नेपाल | सहकारी सहजकर्ता | 9842158834 |
| 21 | विमला राई | केन्द्रिय चिया सहकारी संघ नेपाल | सहकारी सहजकर्ता | 9862665917 |
| 22 | टोम कुमारी बस्नेत | चिया उत्पादक सहकारी संघ, तेह्रथुम | सञ्चालक सदस्य | 9842432201 |
| 23 | अशोक सुब्बा | केन्द्रिय चिया सहकारी संघ नेपाल | सञ्चालक सदस्य | 9852679298 |
| 24 | बेदनिधि पोखरेल | सानिमाई चिया उत्पादक सहकारी संस्था लि. सुलुबुङ् इलाम | व्यवस्थापक | 9842646701 |
| 25 | पदम तामाङ् | केन्द्रिय चिया सहकारी संघ नेपाल | सदस्य आन्तरिक लेखा समिति | 9852681252 |
| 26 | इर्नी भान विनग्रडेन | नेदरलेण्ड | आर्थिक तथा व्यवसायिक सल्लाहकार | 0031610830102 |
| 27 | एडविन ओन्क | नेदरलेण्ड | आर्थिक सल्लाहकार | 0031653553381 |
| 28 | सोनाम पाल्जर लामा | दार्जिलिङ् भारत | चिया प्राविधिक | 9815999328 |

# माई कूप सहकारी सचेतना पाठशाला सम्पन्न




सहकारीको पहिलो आधार आफ्ना सदस्यहरु हुन् । सदस्यहरूको जीवनस्तर उकास्न र उनीहरूकै आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक विकासमा सहयोग पुऱ्याउने कार्य सहकारीले गरिरहेको हुनु पर्दछ । जसको लागि पुर्जी निमार्ण र सही परिचालनको साथ साथै सहकारी शिक्षाको प्रमुख भुमिका रहन्छ । त्यसैले केन्द्रीय चिया सहकारी संघ लि. नेपालले सहकारी शिक्षालाई गाउँ-गाउँमा पुऱ्याउन र चिया सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको वारेमा जनचेतना जगाई सहकारीको सिद्धान्त, मर्म र भावना अनुरूप सहकारी संचालन गरी दिगो र फराकिलो आर्थिक विकासमा सहयोग पुऱ्याउनका लागि सहकारी सचेतना पाठशाला (My.Coop Cooperative Field School) संचालन गरिरहेको थियो । अन्तर्राष्ट्रिय श्रमिक संगठन (ILO) ले कृषि सहकारीहरूको सुदृढिकरण र सदस्यहरूलाई प्रभावकारी र अनुकुल सेवा प्रदान गर्न सकोस् भन्ने लक्ष्यका साथ तयार गरेको तालिम पाठ्यक्रम माईकुप (My.COOP) हो । जसको पुरा रूप तपाईको कृषी सहकारीहरूको व्यवस्थापन (Manging Your Agriculture Cooperatives) हो यस माई कूप (My.COOP) लाई आधार मानी यसै २०७१ असार वाट ५ महिनासम्म नमुनाको रूपमा चिया क्षेत्रको ४ वटा जिल्लाहरु इलाम, पाँचथर, धनकुटा र तेह्रथुमका ६ वटा चिया सहकारीहरूमा संघ, सहकारी र एग्रीटेरा नेदरलेण्डको संयुक्त आर्थिक सहभागितामा संचालन गरिएको कार्यक्रम संघको विभिन्न प्रतिनिधीहरूको उपस्थितिमा सहभागिहरूलाई प्रमाण पत्र प्रदान गरि सम्पन्न गरिएको थियो । महिनामा २ पटक दिनको २ घण्टाको दरले ५ महिनासम्म सञ्चालन गरिएको उक्त कार्यक्रमले सहकारी संस्थाको व्यवस्थापनमा थप सहयोग पुऱ्याउने कुरा सहभागीहरूले बताएका थिए ।

संघले यस पहिलो चरणमा माई कूप अर्न्तगतको ४ वटा निर्देशिकाहरु माईकुप पाठ्यक्रमको मोडल १ (कृषि सहकारीको आधार), मोडल २ (सहकारी सेवा प्रावधान) सञ्चालन गरिएको थियो भने उक्त पाठशाला आगामि दिनहरूमा पनि निरन्तरता दिँदै मोडल ३ (कृषी सामग्री आपुर्ति ) र मोडल ४ (सहकारी वजार) सम्वन्धिका विषयवस्तुहरूलाई समेटेर सञ्चालन गरिने छ ।

## माईकुप सहकारी सचेतना स्कुल पाठशाला २०१४ संचालित सहकारीहरू

| क्र. सं. | सहकारीको नाम | जिल्ला | पुरुष | महिला | जम्मा | सहजकर्ता |
|---|---|---|---|---|---|---|
| १ | कुलकुले चिया उत्पादक सहकारी संस्था लि ओखे ९ | तेह्रथुम | 23 | 3 | 26 | शंकर खनाल, झमक वहादुर लिम्बु, दिलकुमारी लिम्बु |
| २ | सानिमाई चिया उत्पादक सहकारी संस्था लि सुलुबुङ ५ | ईलाम | 25 | 5 | 30 | रविन राई, चन्द्र लोक्ताम, बेदनिधि पोखरेल |
| ३ | तिनजुरे चिया उत्पादक सहकारी संस्था लि फाकफोक ६ | ईलाम | 22 | 7 | 29 | रविन राई, बेदनिधि पोखरेल, रेख वहादुर तामाङ, बम बहादुर निरौला |
| ४ | ईको चिया उत्पादक सहकारी संस्था लि कोलबुङ २ | ईलाम | 11 | 14 | 25 | रविन राई, चन्द्र लोक्ताम, मिना राई, बिमला राई, कृष्ण भट्टराई, पदम वहादुर तामाङ |
| ५ | नाम्फुङ्यक चिया उत्पादक सहकारी संस्था लि फिदिम ८ | पाँचथर | 20 | 10 | 30 | रविन राई, निरन्ती तुम्बापो, याम विक्रम लावती, इन्द्र आङ्देम्बे, बालिका न्यौपाने |
| ६ | राम्चे अर्गानिक चिया उत्पादक सहकारी संस्था लि पाखीबास ३ | धनकुटा | 19 | 3 | 22 | रविन राई, इन्द्र सारू मगर, अम्विका थापा, दुर्गा वहादुर निरौला |

# चिया सहकारीहरूको व्यवसायिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

केन्द्रीय चिया सहकारी संघ लि. नेपालले इलाम, पाँचथर, झापा, भोजपुर, ललितपुर, भोजपुर र संखुवासभा सहित ७ वटा जिल्लाको ९ वटा चिया सहकारीहरूको व्यवसायिक कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गर्नका सहयोग गरी सहकारीहरूको ३ वर्षको व्यवसायिक कार्ययोजना वनाइएको छ । यस गोष्ठीमा प्रत्येक सहकारीहरूको संचालकहरु, लेखा समिति, सदस्य तथा कर्मचारीहरूको उपस्थितिमा संस्थाको अवस्था विश्लेषण, सरोकारवाला विश्लेषण, वित्तिय अवस्थाको विश्लेषण सहित भावी तीन वर्षमा गरिने क्रियाकलापहरूको प्राथमिकिरण गरी योजना तर्जुमा गरिएको थियो । सहकारीहरूले आगामी दिनमा सदस्यता वृद्धी, शेयर तथा वचत वृद्धी, नर्सरी तथा रोपण विस्तार, सानो प्रशोधन उद्योग संचालन, अर्गानिक चिया खेती उत्पादन, भर्मी कम्पोष्ट उत्पादन, सहकारी शिक्षा, प्राविधिक तालिम लगायतको क्रियाकलापहरूलाई योजनामा समावेश गरेको छ । यस योजनाले आगामी दिनमा गर्ने कार्यहरूको दिशा निर्देश गरी बाटो देखाउने र व्यवसायिक विकास गर्ने कार्यमा सहयोग मिल्ने छ । उक्त कार्याशाला गोष्ठिमा विभिन्न सहकारीका ३७ महिला र १९५ पुरूष सहित २३२ जनाको सहभागिता रहेको थियो । उक्त गोष्ठीको सहजीकरण परामर्शदाता छितेन्द्र श्रेष्ठ संघको महा-सचिव रविन राई तथा सहकारी सहजकर्ताहरूले गरेका थिए ।




*बौधढुङ्गा चिया उत्पादक सहकारी संस्थाका व्यवसायिक योजना कार्याशाला गोष्ठिमा सहभागिहरू*

## व्यवसायिक योजना तयार पारिएको सहकारीहरूको नामावली

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| 1 | मकालु चिया तथा कफि उत्पादक सहकारी संस्था लि. | तामाफोक ८ संखुवासभा |
| 2 | बौधढुङ्गा चिया उत्पादक सहकारी संस्था लि. | सोयाङ् २ इलाम |
| 3 | चिवा भञ्ज्याङ् चिया उत्पादक सहकारी संघ लि | च्याङ्थापु ९ पाँचथर |
| 4 | सानाकिसान चिया उत्पादक सहकारी संस्था लि | हल्दिबारी ९ झापा |
| 5 | शुभ चिया उत्पादक सहकारी संस्था लि | बाहुण्डाँगी ३ झापा |
| 6 | खुरिला चिया उत्पादक सहकारी संस्था लि | भैसीपङ्खा ७ भोजपुर |
| 7 | एभेरेष्ट अर्गानिक चिया उत्पादक सहकारी संस्था लि | चन्दनपुर ललितपुर |
| 8 | महाभारत अर्गानिक चिया उत्पादक सहकारी संस्था लि | कालेश्वर ७ ललितपुर |
| 9 | चनढङ्गा अर्गानिक चिया उत्पादक सहकारी संस्था लि | गोटिखेल २ ललितपुर |

# एक दिने माईकुप सहकारी सचेतना तालिम

केन्द्रीय चिया सहकारी संघ लि. नेपालको सहयोगमा विभिन्न जिल्लाका १४ वटा चिया सहकारीहरूमा एक दिने सहकारी माईकुप सचेतना तालिम सम्पन्न भएको छ । उक्त एक दिने सचेतना कार्यक्रम सहकारीहरूको आयोजनामा ईलाम जिल्लाका ४, धनकुटा जिल्लाका २, तेह्रथुम जिल्लाका ३, पाँचथर जिल्लाका ३, ललितपुर जिल्लाका १ तथा भोजपुर जिल्लाका १ सहकारीमा सञ्चालन गरिएको थिया । उक्त तालिममा ४०७ जना सहकारीका सदस्यहरूको सहभागिता थियो । यस तालिममा सहकारीका सिद्धान्त र यसको व्यवहारिक प्रयोग तथा सहकारीको चुनौती र सदस्यहरूको प्रतिवद्धता जस्ता विषयवस्तुहरु समावेश गरिएको थियो । उक्त तालिमलाई जिल्लागत रूपमा सहकारी माईकुप प्रशिक्षण प्रशिक्षार्थी तालिम लिएका सहकारीकर्मीहरूले सहजिकरण गरेका थिए ।



माईकुप सहकारी सचेतना तालिम कार्यक्रममा सहभागीहरू

## तालिम संचालित सहकारी तथा सहभागी संख्या विवरण

| क्र.स. | आयोजक सहकारीको नाम | ठेगाना | उपस्थिति | | | सहजकर्ता |
|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | |
| १. | साधुवेसी चिया उत्पादक सहकारी संस्था लि. इलाम | गोर्खे २, इलाम | २ | ३१ | ३३ | रविन राई |
| वेदनिधी पोखरेल | | | | | | |
| २ | चनढुंगा अर्गानिक चिया उत्पादक सहकारी संस्था लि. | गोटीखेल, ललितपुर | ४ | २५ | २९ | रविन राई |
| ३ | सेसेलुङ्ग चिया उत्पादक सहकारी संस्था लि. | याङनाम, पाँचथर | १६ | २९ | ४५ | निरन्ती तुम्वापो |
| याम विक्रम लावती | | | | | | |
| ४ | असिने चिया उत्पादक सहकारी संस्था लि. | सुदाप, तेह्रथुम | ५ | १६ | २१ | शंकर खनाल |
| ५ | जनसहभागिता चिया उत्पादक सहकारी संस्था लि, | बेलहरा २ धनकुटा | 7 | 15 | 22 | अम्विका थापा, दुर्गा वहादुर निरौला |
| ६ | राजारानी साना किसान चिया उत्पादक सहकारी संस्था लि | राजारानी धनकुटा | 8 | 11 | 19 | इन्द्र सारू मगर, अम्बिका थापा |
| ७ | सुलुबुङ्ग चिया उत्पादक सहकारी संस्था लि | सुलुबुङ्ग २ इलाम | 6 | 15 | 21 | चन्द्र लोक्ताम लिम्बु, विमला राई |
| ८ | | | | | | |
| | हिल टप चिया उत्पादक सहकारी संस्था लि | देउमाई न.पा. ५ इलाम | 15 | 35 | 50 | चन्द्र लोक्ताम लिम्बू बेधनिधि पोखरेल |
| ९ | सयपत्री चिया उत्पादक सहकारी संस्था लि | सुर्योदय न.पा. ११ इलाम | 9 | 11 | 20 | बेदनिधि पोखरेल, विमला राई |
| १० | चिवाभन्ज्याङ्ग चिया उत्पादक सहकारी संस्था लि | च्याङ्थापु ९ पाँचथर | 9 | 35 | 44 | निरन्ती तुम्बापो, याम विक्रम लावती |
| ११ | छिन्तापु चिया उत्पादक सहकारी संस्था लि | नागिन ७ पाँचथर | 5 | 21 | 26 | याम विक्रम लावति, निरन्ती तुम्बापो, बालिका न्यौपाने |
| १२ | जलकन्या चिया उत्पादक सहकारी संस्था लि. | जिरिखिम्ती ८ तेह्रथुम | 4 | 23 | 27 | शंकर खनाल |
| १३ | फुलेक चिया उत्पादक सहकारी संस्था लि. | फुलेक, तेह्रथुम | | 23 | 23 | दिल कुमारी लिम्बु, गणेश प्रसाद भट्टराई |
| १४ | खुरीला चिया उत्पादक सहकारी संस्था लि. | भैसीपंखा, भोजपुर | 5 | 22 | 27 | अम्विका थापा |

# चिया उत्पादक सहकारी संघ लि. तेह्रथुमको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

केन्द्रीय चिया सहकारी संघ तथा एग्रीटेरा नेदरलेण्डको सहयोगमा चिया उत्पादक सहकारी संघ लि. तेह्रथुमको २ दिने रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी मिति २०७१ कार्तिक १३ र १४ गते तेह्रथुमको सदरमुकाम जिल्ला वन उपभोक्ता महासंघको तालिम हलमा सम्पन्न भएको थियो । उक्त गोष्ठीको उद्घाटन संघको अध्यक्ष शंकर खनालले गर्नु भएको थियो भने गोष्ठीको औचित्यताको बारेमा केन्द्रीय चिया सहकारी संघको महा-सचिव रविन राई बताउनु भएको थियो । उक्त गोष्ठीमा संघले विगतमा गरेको क्रियाकलापहरूको समीक्षा, पहिले तयार गरेको रणनैतिक योजनाको पुनमुल्याङ्कन गरी आगामी ३ वर्ष आ.व. ०७१ / ०७२ वाट ०७३/०७४ सम्मको रणनैतिक योजनाको खाका तयार गरेको छ । संघले सदस्यसहकारीहरूको उत्पादन, मुल्य निर्धारणमा सहजिकरण गर्ने, प्रशोधन तथा वजारीकरणमा सहयोग पुग्ने साथै चिया विस्तारमा सहयोग पुग्ने कार्यक्रमहरु समावेश गरी जिल्लागत रूपमा चिया सहकारीको समस्याहरूलाई विभिन्न निकायहरूमा प्रभावकारी रूपमा वहस र पैरवी गरी समस्या समाधानमा समेत सहयोग पुग्ने क्रियाकलापहरूलाई रणनीतिमा समावेश गरेको छ । संघका पदाधिकारी, लेखा समिति लगायत अन्य प्रारम्भिक चिया सहकारी संस्थाका प्रतिनिधिहरु सम्मिलित उक्त कार्यक्रमको सहजीकरण सेन्टर फर बिजिनेश डेभलपमेन्ट Center for Business Development (CEBUD) का प्रबन्ध निर्देशक श्री कृष्ण नेपाल तथा केन्द्रिय चिया सहकारी संघका महासचिव श्री रविन राईले गर्नुभएको थियो ।



*गोष्ठीमा सहभागीहरु समूहमा छलफल गर्दै*

**संघको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरूको नामावली :**

| क्र.सं. | नाम थर | संघ /सहकारीको नाम | ठेगाना | लिङ्ग | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| 1 | पद्मावती न्यौपाने | मकालु चिया उत्पादक सहकारी संस्था लि. | हिले १ धनकुटा | महिला | उपाध्यक्ष | 9842111421 |
| 2 | खड्ग ब. थापा | मकालु चिया उत्पादक सहकारी संस्था लि. | हिले १ धनकुटा | पुरूष | कोषाध्यक्ष | 9842116114 |
| 3 | सरोज घिमिरे | मकालु चिया उत्पादक सहकारी संस्था लि. | हिले १ धनकुटा | पुरूष | सदस्य | 9842385427 |
| 4 | नारायण तामाङ् | मकालु चिया उत्पादक सहकारी संस्था लि. | हिले १ धनकुटा | पुरूष | सदस्य | 9842070003 |
| 5 | गोविन्द थापा | राम्चे अर्गानिक चिया सहकारी संस्था लि. | पाखीबास धनकुटा | पुरूष | सदस्य | 9841286453 |
| 6 | जंग बहादुर गोङ्बा | चिया उत्पादक सहकारी संघ | हिले १ धनकुटा | पुरूष | सदस्य | 9842591765 |
| 7 | योगमाया क्षेत्री (पौड्यल) | चिया उत्पादक सहकारी संघ | पाखीबास ३ धनकुटा | महिला | सदस्य | 9862052907 |
| 8 | मदन राई | चिया उत्पादक सहकारी संघ | पाखीबास ३ धनकुटा | पुरूष | लेखा सदस्य | 9811342140 |
| 9 | रमादेवि चापागाँई | प्रगतिशील चिया उत्पादक सहकारी संस्था लि. | पखेदिन ६ धनकुटा | महिला | उपाध्यक्ष | 9842441535 |
| 10 | कमल राई | राम्चे चिया सहकारी संस्था लि. | पाखीबास ७ धनकुटा | पुरूष | सदस्य | 9804342468 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 11 | एन मान लिम्बु | राजारानी चिया उत्पादक सहकारी संस्थ लि | राजारानी ६ धनकुटा | पुरूष | सदस्य | 9804342468 |
| 12 | धन बहादुर लिम्बु | राजारानी चिया उत्पादक सहकारी संस्थ लि | राजारानी ६ धनकुटा | पुरूष | सदस्य | 9849361062 |
| 13 | तारा कुमार कार्की | चिया उत्पादक जिल्ला सहकारी संघ धनकुटा | पाखिबास ३ धनकुटा | पुरूष | सचिव | 9842483423 |
| 14 | नारायण थापा | मकालु चिया तथा कफि उत्पादक सहकारी संस्था लि. | हिले १ धनकुटा | पुरूष | सल्लाहकार | 9852050717 |
| 15 | दिलिप चेमजोङ् | सानाकिसान चिया सहकारी संस्था लि. राजारानी | राजारानी ६ धनकुटा | पुरूष | अध्यक्ष | 9842055122 |
| 16 | टंक माया पाङ्मी | मुडेबसन्त साना किसान चिया उत्पादक सहकारी संस्था लि. | मुढेबास ३ धनकुटा | महिला | उपाध्यक्ष | 9842259571 |
| 17 | भाष्कर बस्नेत | सुगन्धित चिया उत्पादक सहकारी संस्था लि. | भिरगाँउ ३ धनकुटा | पुरूष | सदस्य | 9842113715 |
| 18 | सुदर्शन बस्नेत | सुगन्धित चिया उत्पादक सहकारी संस्था लि. | भिरगाँउ ३ धनकुटा | पुरूष | सदस्य | 9842111109 |
| 19 | दिपा दाहाल (पौड्यल) | जनसहभागिता चिया उत्पादक सहकारी संस्था लि | बेलहरा १ धनकुटा | महिला | सदस्य | 9852050482 |
| 20 | भूपाल सिंह थापा | प्रगतिशील चिया उत्पादक सहकारी संस्था लि. | पाखेदिन ७ धनकुटा | पुरूष | सदस्य | 9852050482 |
| 21 | हर्क बहादुर घिसिङ्ग | जनसहभागीता साना किसान चिया उत्पादक सहकारी संस्था | बेल्हरा धनकुटा | पुरूष | अध्यक्ष | 984233049 |
| 22 | कमल कुमार शाह | जनहित चिया सहकारी संस्था लि. | हात्तिखर्क ७ धनकुटा | पुरूष | उपाध्यक्ष | 9842220195 |
| 23 | रेख बहादुर भट्टराई | जनसहभागिता चिया उत्पादक सहकारी संस्था लि. | बेलारा २ धनकुटा | पुरूष | सदस्य | 9807364593 |
| 24 | ज्ञानेन्द्र धिमिरे | जनसहभागिता चिया सहकारी संस्था लि. | बेलहरा १ धनकुटा | पुरूष | उपाध्यक्ष | 9819077481 |
| 25 | यज्ञ प्रसाद दाहाल | जनसहभागिता पहाडि साना किसान चिया उत्पादक सहकारी संस्था लि. | बेलहरा १ धनकुटा | पुरूष | व्यवस्थापक | 9852050341 |
| 26 | लाल बहादुर खनाल | जनसहभागिता पहाडि साना किसान चिया उत्पादक सहकारी संस्था लि. | बेलहरा २ धनकुटा | पुरूष | सदस्य | 9842116141 |
| 27 | हृदय लिम्बू | मुडेबसन्त साना किसान चिया उत्पादक सहकारी संस्था | मुढेवास | पुरूष | अध्यक्ष | |
| 28 | मदन राई | राम्चे चिया उत्पादक सहकारी संस्था लि | पाखीबास ३ धनकुटा | पुरूष | अध्यक्ष | 9811342140 |
| 29 | गोबिन्द थापा | राम्चे चिया उत्पादक सहकारी संस्था लि | पाखीबास ३ धनकुटा | पुरूष | सदस्य | 9841386453 |
| 30 | इन्द्र वहादुर सारू | चिया उत्पादक सहकारी संघ धनकुटा | हात्तिखर्क | पुरूष | सदस्य | 9842256277 |
| सहजकर्ता | | | | | | |
| ३१ | रविन राई | केन्द्रीय चिया सहकारी संघ लि. नेपाल | इलाम | पुरूष | महासचिव | 9842662759 |
| ३२ | कृष्ण नेपाल | सिबड | काठमाण्डौ | पुरूष | संयोजक | 9841300817 |
| ३३ | अम्विका थापा | केन्द्रीय चिया सहकारी संघ लि. नेपाल | पाखीवास | महिला | सहकारी सहजकर्ता | 9842158834 |

# चिया उत्पादक सहकारी संघ लि. धनकुटाको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न



*गोष्ठीमा सहभागीहरु समूहमा छलफल गर्दै*

केन्द्रीय चिया सहकारी संघ तथा एग्रीटेरा नेदरलेण्डको सहयोगमा चिया उत्पादक सहकारी संघ लि. धनकुटाको २ दिने रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी मिति २०७१ कार्तिक १५ र १६ गते धनकुटाको हिले वजार होटल मकालु भ्यूको तालिम हलमा सम्पन्न भएको थियो । उक्त गोष्ठी संघको अध्यक्ष इन्द्र वहादुर सारू मगरको अध्यक्षतामा संचालन भएको थियो । गोष्ठीमा संघले विगतमा गरेको क्रियाकलापहरूको समीक्षा, पहिले तयार गरेको रणनैतिक योजनाको पुनमुल्याङ्कन गरी आगामी ३ वर्ष आ.व. ०७१ / ०७२ बाट ०७३/०७४ सम्मको रणनैतिक योजनाको खाका तयार गरेको छ । संघले सदस्यसहकारीहरूको उत्पादन, मुल्य निर्धारणमा सहजिकरण गर्ने, प्रशोधन तथा वजारीकरणमा सहयोग पुग्ने साथै चिया विस्तारमा सहयोग पुग्ने कार्यक्रमहरु समावेश गरी जिल्लागत रूपमा चिया सहकारीको समस्याहरूलाई विभिन्न निकायहरुमा प्रभावकारी रूपमा वहस र पैरवी गरी समस्या समाधानमा समेत सहयोग पुग्ने क्रियाकलापहरूलाई रणनीतिमा समावेश गरेको छ । संघका पदाधिकारी, लेखा समितिलगायत अन्य प्रारम्भिक चिया सहकारी संस्थाका प्रतिनिधिहरु सम्मिलित उक्त कार्यक्रमको सहजीकरण सेन्टर फर बिजिनेश डेभलपमेन्टका प्रबन्ध निर्देशक श्री कृष्ण नेपाल तथा केन्द्रिय चिया सहकारी संघका महासचिव श्री रविन राईले गर्नुभएको थियो ।

## संघको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरुको नामावली :

| क्र.सं. | नामथर | सहकारी / संघ संस्थाको नाम | ठेगाना | लिङ्ग | पद |
|---|---|---|---|---|---|
| १ | दिपा बस्नेत | रमिते चिया उत्पादक सहकारी संस्था लिमिटेड | दाँगपा | महिला | सदस्य |
| २ | टोमकुमारी बस्नेत | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | सुदाप | महिला | सदस्य |
| ३ | तीला पोखरेल | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | सोल्मा | महिला | सदस्य |
| ४ | विष्णुकुमार सिंह | कुलकुले चिया उत्पादक सहकारी संस्था लि. | हमरजुङ् | पुरूष | सदस्य |
| ५ | रमेश भण्डारी | उन्नती कार्यक्रम | म्याङ्लुङ् | पुरूष | व्यवसाय विज्ञ |
| ६ | विरबहादुर बस्नेत | सिंहदेवी चिया उत्पादक सहकारी संस्था लि. | सोल्मा | पुरूष | सदस्य |
| ७ | रिखीबहादुर थापा | सिकिदिम चिया उत्पादक सहकारी संस्था लि. | मोराहाङ् | पुरूष | सचिव |
| ८ | डिल्लीराम खनाल | सिंहदेवी चिया उत्पादक सहकारी संस्था लि. | सोल्मा | पुरूष | अध्यक्ष |
| ९ | दिपक लिम्बू | जनहित चिया उत्पादक सहकारी संस्था लि. | ओयाकजुङ् | पुरूष | सदस्य |
| १० | देवेन्द्रबहादुर थापा | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | बसन्तपुर | पुरूष | सदस्य |
| ११ | भरतबहादुर बस्नेत | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | हमरजुङ् | पुरूष | लेखा संयोजक |
| १२ | ठाकुरप्रसाद आपगाईं | जलकन्या चिया उत्पादक सहकारी संस्था लि. | जिरिखिम्ति | पुरूष | सचिव |
| १३ | विजेश भट्टराई | जलकन्या चिया उत्पादक सहकारी संस्था लि. | जिरिखिम्ति | पुरूष | अध्यक्ष |
| १४ | कर्णबहादुर गुरूङ् | फुलेक चिया उत्पादक सहकारी संस्था लि. | फुलेक | पुरूष | उपाध्यक्ष |
| १५ | हरिप्रसाद ढकाल | जनहित चिया सहकारी संस्था लि. | ओयाकजुङ् | पुरूष | सदस्य |
| १६ | नगेन्द्र कार्की | रमिते चिया उत्पादक सहकारी संस्था लि. | दाँगपा | पुरूष | उपाध्यक्ष |
| १७ | पेम्बा शेर्पा | असिने चिया सहकारी संस्था लि. | सुदाप | पुरूष | उपाध्यक्ष |
| १८ | शंकर खनाल | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | सोल्मा | पुरूष | अध्यक्ष |
| १९ | पहलमान तिम्सिना | जलकन्या चिया उत्पादक सहकारी संस्था लि. | जिरिखिम्ति | पुरूष | उपाध्यक्ष |
| २० | भुपालप्रसाद भट्टराई | जलकन्या चिया सहकारी संस्था लि. | जिरिखिम्ति | पुरूष | सदस्य |
| २१ | लिलमबहादुर बस्नेत | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | दाँगपा | पुरूष | सचिव |
| २२ | गणेशप्रसाद ढुङ्गेल | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | ओयाकजुङ् | पुरूष | उपाध्यक्ष |
| २३ | ईन्द्रबहादुर कटुवाल | फुलेक चिया उत्पादक सहकारी संस्था लि. | फुलेक | पुरूष | सचिव |
| २४ | कमलबहादुर खड्का | चिया उत्पादक सहकारी संघ लि. तेह्रथुम | फुलेक | पुरूष | सदस्य |
| सहजकर्ता | | | | | |
| २५ | रविन राई | केन्द्रीय चिया सहकारी संघ लि. नेपाल | इलाम | पुरूष | महासचिव |
| २६ | कृष्ण नेपाल | सिबड | काठमाण्डौ | पुरूष | संयोजक |
| २७ | दिलकुमारीलिम्बू | केन्द्रीय चिया सहकारी संघ लि. नेपाल | दाँगपा | महिला | सहकारी सहजकर्ता |

# चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलामको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न



*गोष्ठीमा समूह छलफलको सारांश प्रस्तुत गर्दै सहभागी*

केन्द्रीय चिया सहकारी संघ तथा एग्रीटेरा नेदरलेण्डको सहयोगमा चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलामको २ दिने रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी मिति २०७१ कार्तिक १८ र १९ गते इलामको सुनगाभा तालिम हलमा सम्पन्न भएको थियो । उक्त गोष्ठीको उत्घाटन संघको अध्यक्ष प्रेम राज गुरूङ्को अध्यक्षता र केन्द्रीय चिया सहकारी संघको अध्यक्ष गोविन्द प्रसाद दहालको प्रमुख आथित्यतामा भएको थियो । सो अवसरमा केन्द्रीय चिया सहकारी संघको अध्यक्ष गोविन्द प्रसाद दहालले जिल्ला संघले जिल्लागत चिया किसानको समस्या समाधानमा सहयोग पुग्ने गरी दिगो उपायहरु सहित अगाडि वढ्नु पर्ने विषयमा जोड दिदै सोही अनुरुपको रणनीति तयार गर्न सुझाव दिनु भएको थियो । उक्त गोष्ठीमा संघले विगतमा गरेको क्रियाकलापहरुको समिक्षा, पहिले तयार गरेको रणनैतिक योजनाको पुर्नमुल्याङ्कन गरी आगामी ३ वर्ष आ.व. ०७१ / ०७२ बाट ०७३/०७४ सम्मको रणनैतिक योजनाको खाका तयार गरेको छ । संघले सदस्यसहकारीहरुको उत्पादन, प्रशोधन तथा वजारीकरणमा सहयोग पुग्ने साथै अर्गानिक चिया खेती विस्तार, मुल्य निर्धारणमा सहजिकरण गर्ने, सुलव ब्याजदरको ऋण उपलब्ध गराउन सहयोग गर्ने, गुणस्तर विस्तारमा सहयोग पुग्ने कार्यक्रमहरु समावेश गरी जिल्लागत रुपमा चिया सहकारीको समस्याहरुलाई विभिन्न निकायहरुमा प्रभावकारी रुपमा वहस र पैरवी गरी समस्या समाधानमा समेत सहयोग पुग्ने क्रियाकलापहरुलाई रणनीतिमा समावेश गरेको छ । संघका संचालक समिति, लेखा समिति लगायत अन्य प्रारम्भिक चिया सहकारी संस्थाका प्रतिनिधिहरु सम्मिलित उक्त कार्यक्रमको सहजीकरण सेन्टर फर बिजिनेश डेभलपमेन्टका प्रबन्ध निर्देशक श्री कृष्ण नेपाल तथा केन्द्रिय चिया सहकारी संघका महासचिव श्री रविन राईले गर्नुभएको थियो ।

## संघको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरूको नामावली :

| क्र.सं. | नाम थर | सहकारी / संघ संस्थाको नाम | ठेगाना | लिङ्ग | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| 1 | प्रेमराज गुरुङ | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | कोल्बुङ २ इलाम | पूरूष | अध्यक्ष | 9852673833 |
| 2 | पदम बहादुर तामाङ | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | फाकफोक ६ इलाम | पूरूष | सचिव | 9852680918 |
| 3 | मिना राई | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | पशुपतिनगर २ इलाम | महिला | लेखा सदस्य | 9816924681 |
| 4 | अन्देज राई | रत्नचोक चिया उत्पादक सहकारी संस्था लि. | सूर्योदय नगरपालिका ७ | पूरूष | सदस्य | 9804989138 |
| 5 | दावा तामाङ | हिलटप चिया उत्पादक सहकारी संस्था लि. | मंगलबारे ४ इलाम | पूरूष | अध्यक्ष | 9742613742 |
| 6 | थिर बहादुर राउत | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | साखेजुङ ५ इलामा | पूरूष | सदस्य | 9842662562 |
| 7 | किरण कुमार थापा | साँघुबेसी चिया उत्पादक सहकारी संस्था लि. | गोर्खे २ इलामा | पूरूष | लेखा संयोजक | 9842647615 |
| 8 | तोया नाथ शर्मा | इलामेली चिया उत्पादक सहकारी संस्था लि. | सूर्योदय न.पा। इलाम | पूरूष | व्यवस्थापक | 9842627205 |
| 9 | पूर्णबहादुर राई | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | पञ्चकन्या ८ इलाम | पूरूष | उपाध्यक्ष | 9817970412 |
| 10 | देवी कुमारी राई | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | फिक्कल ३ इलाम | महिला | सदस्य | 9842726470 |
| 11 | बेदनिधि पोर्खेल | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | सुलुबुङ ५ इलाम | पूरूष | सदस्य | 9842646701 |
| 12 | अजय चम्लगाई | सिद्धिथुम्का चिया उत्पादक सहकारी संस्था लि. | सिद्धिथुम्का ३ इलाम | पूरूष | सदस्य | 9842728090 |
| 13 | योगेन्द्र सुबेदी | सुलुबुङ चिया उत्पादक सहकारी संस्था लि. | सुलुबुङ ४ इलाम | पूरूष | ले. समिति सदस्य | 9842777470 |
| 14 | सूर्य बहादुर खड्का | कन्याम चिया उत्पादक सहकारी संस्था लि. | सूर्योदय न.पा. १० इलाम | पूरूष | व्यवस्थापक | 9842636351 |
| 15 | घनश्याम घिमिरे | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | सूर्योदय न.पा. ८ इलाम | पूरूष | लेखा सदस्य | 9842644679 |
| 16 | रेखा मुखिया | हरियाली जैविक चिया उत्पादक सहकारी संस्था लि. | माइपोखरी इलाम | महिला | सदस्य | 9816035786 |
| 17 | नविन किशोर राई | त्रियुगा चिया उत्पादक सहकारी संस्था लि. | शान्तीडाँडा ६ इलाम | पूरूष | लेखा समिति सदस्य | 9842698786 |
| 18 | मोहन प्रसाद आर्चाय | बरबेटेली चिया उत्पादक सहकारी संस्था लि. | बरबोटे ७ इलाम | पूरूष | अध्यक्ष | 9862633697 |
| 19 | नर कुमार आचार्य | देउराली चिया उत्पादक सहकारी संस्था लि. | जीतपूर २ इलाम | पूरूष | अध्यक्ष | 9842681571 |
| 20 | भीम बम्जन | अजम्बरे चिया उत्पादक सहकारी संस्था लि. | जीतपूर २ इलाम | पूरूष | व्यवस्थापक | 9804915672 |
| 21 | सविन बस्नेत | ग्रीनहिल चिया उत्पादक सहकारी संस्था लि. | साखेजुङ ६ इलाम | पूरूष | व्यवस्थापक | 9806038039 |
| 22 | दण्डपाणी न्यौपाने | अजम्बरे चिया उत्पादक सहकारी संस्था लि. | सिद्धिथुम्का ८ इलाम | पूरूष | अध्यक्ष | 9842615170 |
| 23 | देवी गोमा पाठक | चिया उत्पादक जिल्ला सहकारी संघ लि. इलाम | नयाबजार २ इलाम | महिला | सदस्य | 9842641124 |
| अन्य सहभागी र सहजकर्ता | | | | | | |
| 24 | गोबिन्द प्रसाद दाहाल | ऋत्ऋँ नेपाल | साखेजुङ ६ इलाम | पूरूष | अध्यक्ष | 9842680492 |
| 25 | रविन राई | ऋत्ऋँ नेपाल | मंगलबारे ३, इलाम | पूरूष | महा-सचिव | 9842662759 |
| 26 | कृष्ण नेपाल | ऋभ्यम् | काठमाडौं | पूरूष | प्रबन्धक निर्देशक | 9841300817 |
| 27 | विमला राई | ऋत्ऋँ नेपाल | शान्तीडाँडा ६ इलाम | महिला | सहकारी सहजकर्ता | 9862665917 |
| 28 | योगेश्वर दाहाल | ऋत्ऋँ नेपाल | साखेजुङ ६ इलाम | पूरूष | लेखापाल | 9842646417 |
| 29 | चन्द्र लोक्ताम | ऋत्ऋँ नेपाल | साखेजुङ ४ इलाम | पूरूष | सहकारी सहजकर्ता | 9805352896 |

# चिया उत्पादक सहकारी संघ लि. पाँचथरको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

केन्द्रीय चिया सहकारी संघ तथा एग्रीटेरा नेदरलेण्डको सहयोगमा चिया उत्पादक सहकारी संघ लि. पाँचथरको २ दिने रणनैतिक योजना पुनमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठी मिति २०७१ कार्तिक २० र २१ गते पाँचथरमा सम्पन्न भएको थियो । उक्त गोष्ठीको उत्घाटन सत्रको अध्यक्षता संघको अध्यक्ष नन्द कुमार आङथुपोले गर्नु भएको थियो भने कार्यक्रमको उत्घाटन सत्रका केन्द्रीय चिया सहकारी संघका उपाध्यक्ष राजेन्द्र कुमार जवेगुले पाँचथरको किसानहरूलाई उत्पादन साथै प्रशोधन र वजारीकरणमा सहयोग पुग्ने रणनीतिहरु आगामी दिनमा तयार गरी अगाडि बढ्नु पर्ने सुझाव राख्नु भएको थियो । उक्त गोष्ठीमा संघले विगतमा गरेको क्रियाकलापहरूको समिक्षा, पहिले तयार गरेको रणनैतिक योजनाको पुनमुल्याङ्कन गरी आगामी ३ वर्ष आ.व. ०७१ / ०७२ बाट ०७३/०७४ सम्मको रणनैतिक योजनाको खाका तयार गरेको छ । संघले सदस्यसहकारीहरूको उत्पादन, सुलभ व्याजदरको ऋण उपलब्ध गराउन सहयोग गर्ने, प्रशोधन तथा वजारीकरणमा सहयोग पुग्ने साथै अर्गानिक चिया खेती विस्तारमा सहयोग पुग्ने कार्यक्रमहरु समावेश गरी जिल्लागत रुपमा चिया सहकारीको समस्याहरूलाई विभिन्न निकायहरूमा प्रभावकारी रुपमा वहस र पैरवी गरी समस्या समाधानमा समेत सहयोग पुग्ने क्रियाकलापहरूलाई रणनीतिमा समावेश गरेको छ । यसको साथै चिया कोसेली घर संचालन समेत समावेश गरिएको छ । संघका संचालकहरु, लेखा समिति लगायत अन्य प्रारम्भिक चिया सहकारी संस्थाका प्रतिनिधिहरु सम्मिलित उक्त कार्यक्रमको सहजीकरण सेन्टर फर बिजिनेश डेभलपमेन्टका प्रबन्ध निर्देशक श्री कृष्ण नेपाल तथा केन्द्रिय चिया सहकारी संघका महासचिव श्री रविन राईले गर्नुभएको थियो ।



*गोष्ठीका सहभागीहरू  चिया उत्पादक सहकारी संघ पाँचथर*

### संघको रणनैतिक योजना पुर्नमुल्याङ्कन तथा तर्जुमा कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरूको नामावली :

| क्र.सं. | नाम थर | सहकारी /संघको नाम | ठेगाना | लिङ्ग | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| 1 | सुबास तुम्बाप्पो | नाम्फुङ्यक चिया उत्पादक सहकारी संस्था लि. | फिदिम नगरपालिका ८ | पुरूष | सचिव | |
| 2 | याम कुमार तुम्बाप्पो | नाम्फुङ्यक चिया उत्पादक सहकारी संस्था लि. | फिदिम नगरपालिका ८ | पुरूष | अध्यक्ष | 9808689890 |
| 3 | मनिशा चाम्लिङ् राई | फुलबारी चिया उत्पादक सहकारी संस्था लि | सिद्धिन | महिला | सदस्य | |
| 4 | सविना राई | फुलबारी चिया उत्पादक सहकारी संस्था लि | सिद्धिन | महिला | सदस्य | 9814977565 |
| 5 | हर्कवोली लिङ्देन | चिया उत्पादक सहकारी संघ पाँचथर | पञ्चमी - १ | पुरूष | उपाध्यक्ष | 9814967666 |
| 6 | लक्ष्मी प्रसाद सुहाङ् | हिमाली चिया उत्पादक सहकारी संस्था लि. | सुबाङ् ९ | पुरूष | अध्यक्ष | 9815974746 |
| 7 | निरन्ती तुम्बाप्पो | चिया उत्पादक संघ पाँचथर | फिदिम १ | महिला | सदस्य | 9842779470 |
| 8 | पदम लिङ्देन | आगेजुङ् चिया उत्पादक सहकारी संस्था लि. | पञ्चमी १ | पुरूष | सदस्य | 9814929249 |
| 9 | मिना न्यौपाने | ऐसेलु चिया उत्पादक सहकारी संस्था लि. | थर्पु ९ | महिला | सदस्य | 9817061115 |
| 10 | लोकमनि न्यौपाने | ऐसेलु चिया उत्पादक सहकारी संस्था लि. | थर्पु ९ | पुरूष | अध्यक्ष | 9813355544 |
| 11 | दल बहादुर सुहाङ् | हिमाली चिया उत्पादक सहकारी संस्था लि | सुबाङ् ९ | पुरूष | सदस्य | 9808470389 |
| 12 | भिम सुहाङ् | हिमाली चिया उत्पादक सहकारी संस्था लि | सुबाङ् ९ | पुरूष | सदस्य | 9814013522 |
| 13 | गबिर सिंह जबेगु | चिया उत्पादक सहकारी संघ पाँचथर | याङ्नाम ७ | पुरूष | सदस्य | 9741055784 |
| 14 | श्रीप्रसाद थामसुहाङ् | सेसेलुङ् चिया उत्पादक सहकारी संघ लि | याङ्नाम ७ | पुरूष | सचिव | 9862691737 |
| 15 | गोपाल राई | लालि चिया उत्पादक सहकारी संस्था लि. | फिदिम नगरपालिका ३ | पुरूष | सचिव | 9815931031 |
| 16 | नर बहादुर गुरूङ् | चिवा भन्ज्याँङ् चिया उत्पादक सहकारी संस्था लि. | च्याँङ्थापु ९ | पुरूष | अध्यक्ष | 9844667700 |
| 17 | टंक प्रसाद राई | चिया उत्पादक सहकारी संघ पाँचथर | फिदिम नगरपालिका ३ | पुरूष | सदस्य | 9816005168 |
| 18 | तारा प्रसाद श्रेष्ठ | हिमाली चिया उत्पादक सहकारी संस्था लि. | सुबाङ् ९ | पुरूष | सदस्य | 9844656796 |
| 19 | बाल कुमारी न्यौपाने | चिया उत्पादक सहकारी संघ पाँचथर | फिदिम नगरपालिका १ | महिला | सदस्य | 9862663277 |
| 20 | इन्द्र प्रसाद आङ्देम्बे | चिया उत्पादक सहकारी संघ पाँचथर | फिदिम नगरपालिका १ | पुरूष | सचिव | 9842645558 |
| 21 | नन्द कुमार आङ्थुपो | चिया उत्पादक सहकारी संघ पाँचथर | एक्तीन २ | पुरूष | अध्यक्ष | 9842622078 |
| अन्य उपस्थिति तथा सहजकर्ता | | | | | | |
| 1 | रविन राई | केन्द्रिय चिया सहकारी संघ नेपाल | इलाम | पुरूष | महासचिव | 9842662759 |
| 2 | कृष्ण नेपाल | सेन्टर फर विजिनेस डेभलेपमेन्ट | काठमाडौं | पुरूष | प्रवन्धक निर्देशक | 9841300817 |
| 3 | राजेन्द्र कुमार जबेगु | केन्द्रिय चिया सहकारी संघ नेपाल | फिदिम १ | पुरूष | उपाध्यक्ष | 9842661583 |
| 4 | याम विक्रम लावती | केन्द्रीय चिया सहकारी संघ लि. नेपाल | फिदिम १ | पुरूष | सहकारी सहजकर्ता | 9852681986 |

# सन् २०१४ अगस्टबाट सन् २०१५ मार्चसम्म

## संचालन गरिएका मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू

| क्र.स. | कार्यक्रमको विवरण | संख्या | समय अवधी | सहभागी संख्या |
|---|---|---|---|---|
| 1 | माइकुप सहकारी प्रशिक्षण प्रशिक्षार्थी तालिम वोडे भक्तपुरमा सहभागी पठाइएको | १ | ४ दिन | ४ |
| 2 | FACT कृषक वहस र पैरवी औजार कार्यशाला तथा तालिममा सहभागी नेदरलेण्ड | १ | ६ दिन | १ |
| 3 | AFA आफा वैठकमा सहभागी फिलिपिन्स | १ | ३ दिन | १ |
| 4 | चिया सहकारीहरूको व्यवसायिक योजना तर्जुमा | १० | २ दिन सवै सहकारीमा | २३२ |
| 5 | कृषक समाचार पत्र प्रकाशन अगस्ट २०१४ मा | ५००० | | सहकारीलाई वितरण |
| 6 | सहकारी सफ्वेर संचालनमा सहयोग | | निरन्तर | १८ |
| 7 | सहकारीहरूको साधारण सभामा सहभागी | ४७ | | |
| 8 | चिया उत्पादक जिल्ला सहकारी संघहरूको रणनैतिक योजना तर्जुमा कार्यशाला इलाम, पाँचथर, धनकुटा र तेह्रथुम, | ४ | २ दिनका दरले | ११६ |
| 9 | केन्द्रीय चिया सहकारी संघको ४ वर्षे रणनैतिक योजना तर्जुमा | १ | ५ दिन | २८ |
| 10 | चिया विकास कोष संचालन निर्देशिका तयारी वैठक इलाम | ४ | | |
| 11 | व्यवस्थापिका संसद उद्योग, बाणिज्य आपुर्ति तथा उपभोक्तहित संरक्षण संसदीय समितिसँग चिया क्षेत्रको समस्या तथा समाधानको निम्त्ति वैठकमा सहभागी | २ | | |
| 12 | चियाको मुल्य श्रृखला अध्ययन तथा अवलोकन भ्रमण भियत्नाम (भियत्नाम किसान महासंघ) | १ | ५ दिन | २ जना |
| 13 | उन्नती कार्यक्रम अर्न्तगत अगुवा चिया कृषकहरूका लागि चिया खेती प्रविधि सम्वन्धी तालिम इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभा | ११ | ३ दिनका दरले | २७९ जना |
| 14 | FACT कृषक वहस र पैरवी औजार कार्यशाला गोष्ठी संचालन इलाम | १ | ४ दिन | २२ |
| 15 | तयारी चियाको अक्सन वजार संचालन सम्वन्धि गोष्ठी तथा वैठकमा सहभागी | ३ | | ६ |
| 16 | सहकारी अनु शिक्षा (पूर्व सहकारी शिक्षा) तालिम संचालन | २ | | ५२ |
| 17 | चिया सहकारी गठन गर्नका लागि आवश्यक तयारीमा सहयोग | २ | | |
| 18 | चिया सहकारीहरूको स्तरीकरण निर्धारण | ८७ | | |
| 19 | सहकारीहरूको अनुगमन | २३ | | |
| 20 | ५८ औ राष्ट्रिय सहकारी दिवस मनाइएको चैत्र २० | | १ दिन | |
| 21 | अक्सन वजार समितिमा प्रतिनिधी छनौटका लागि साना उद्यमीहरूको भेला आयोजना गरिएको | १ | | २७ |
| 22 | हरियो पतिको मूल्य निर्धारणको लागि विभिन्न उद्योगीहरूसँग समन्वय गरिरहेको | | निरन्तर | |
| 23 | राष्ट्रिय सहकारी संजालको वैठकमा सहभागी | ३ | | |
| 24 | सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम | १ | ५ | २० |
| 25 | माईकुप सहकारी पाठशाला सञ्चालन | ६ सहकारी | २ घण्टाका दरले १० दिनसम्म | १६२ जना |
| 26 | माईकुप सहकारी सचेतना कार्यक्रम सञ्चालन | १४ सहकारी | १ दिनका दरले | ४०७ जना |
| 28 | सहकारीहरूलाई गा.वि.स. तथा जि.वि.स. र सहकारी विभाग विभिन्न निकायहरूमा प्रस्तवना तयार पार्न सहयोग गरिएको | ११ | | |
| 29 | सहकारी तथा साना उद्योगीहरूलाई तयारी चिया विक्रि वितरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारीहरूसँग समन्वय गरिएको | ५ | | |
| 30 | वहस र पैरवी (चिया र सहकारी क्षेत्रको समस्याहरूलाई समाधानको लागि राज्य तथा विभिन्न सरोकारवाला निकायहरूसँग) | निरन्तर | | |
| 31 | एशियन फार्मर एशोसिएसन AFA (अध्यक्ष तथा महासचिव) द्धारा केन्द्रीय चिया सहकारी संघ लि नेपालको भ्रमण | १ | ३ दिन | २ |
| 32 | एग्रीटेरा नेदरलेण्डको मिसन केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक सहकारी संघ धनकुटा र तेह्रथुममा अवलोकन भ्रमण | १ | ६ दिन | २ |

# किसानहरूको पैरवीका लागि परामर्श औजार (Farmer Advocacy Consultant Tools - FACT) कार्यशाला गोष्ठी सम्पन्न

केन्द्रीय चिया सहकारी संघको आयोजना तथा एग्रीटेरा नेदरलेण्डको सहयोगमा इलाममा किसानहरूको पैरवीका लागि परामर्श औजार सम्वन्धि ४ दिने कार्यशाला गोष्ठी मिति २०७१ फागुन २१ बाट २४ सम्म ग्रीन भ्यु होटल इलाममा सम्पन्न भएको छ । केन्द्रीय चिया सहकारी संघका पदाधिकारी र अन्य ५ वटा विषयगत चिया सहकारी संघहरु इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ललितपुरका पदाधिकारीहरु, नेपाल कृषी केन्द्रीय चिया सहकारी संघ र नेपाल भुमी अधिकार मञ्च सहित ८ वटा संगठनका २२ जना सहभागिहरूको सहभागिता थियो । एग्रीटेरा नेदरलेण्डको वहस तथा पैरवी अधिकृत लुक ग्रुट र केन्द्रीय चिया सहकारी संघको महा सचिव रविन राईले गोष्ठीको सहजिकरण गर्नु भएको थियो भने कार्यक्रमको औपचारिक उत्घाटन केन्द्रीय चिया सहकारी संघको अध्यक्ष गोविन्द प्रसाद दाहालले गर्नु भएको थियो । किसान संगठनहरूको वहस र पैरवी क्षमतालाई वृद्धी गराउनमा सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ संचालित गोष्ठीमा औजारका चार स्तम्भहरु, (१) किसानसँग परामर्श (२) सहभागितामूलक अनुसन्धान (विशेषज्ञहरूको सल्लाहमा तथ्याङ्क तथा विश्लेषण) (३) प्रस्तावहरूको तयारी (४) प्रस्तावहरूको प्रस्तुतीकरण सम्वन्धी व्यवहारिक तथा सैद्धान्तिक विषयहरूको वारेमा छलफल तथा अभ्यास गरिएको थियो । उक्त गोष्ठी वाट किसानका प्रतिनिधी संघहरूले वास्तविक सवालहरु किसानहरु सँग कसरी लिने, किसानहरूलाई संघ प्रति कसरी अपन्नव वढाउने र वास्तविक सवालहरूलाई चोटिलो प्रस्तावना तयार गरी कहाँ, कसरी कुन समयमा को-कोसँग प्रभावकारी रूपमा पैरवी गर्ने भन्ने सीप विकास सम्वन्धी अवधारणाहरूको अभ्यास सहित आगामी ६ महिना परीक्षणको रूपमा FACT अवधारणालाई कार्यन्वयन गर्नको लागि योजना समेत तयार गरिएको थियो ।




## सहभागिहरूको नामावली:

| क्र.सं. | नाम, थर | ठेगाना | जिल्ला | आवद्ध संस्था | पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | नन्द कुमार आङथोपो | एकतीन | पाँचथर | चिया उत्पादक सहकारी संघ लि | अध्यक्ष | ९७४२६२२०७८ |
| २ | ईन्द्र प्रसाद आङदेम्बे | फिदिम | पाँचथर | चिया उत्पादक सहकारी संघ लि | सचिव | ९८४२६४५५५८ |
| ३ | ट्रिजन सिंह श्रेष्ठ | काठमाण्डौ | काठमाण्डौ | नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. | सह कार्यक्रम प्रवन्धक | ९८४१३५०१४२ |
| ४ | ईन्द्र बहादुर सारू मगर | धनकुटा | धनकुटा | चिया उत्पादक सहकारी संघ लि | अध्यक्ष | ९८४२२५६२७७ |
| ५ | पुर्ण बहादुर मुखिया | माईपोखरी | ईलाम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सदस्य | ९८१४३३३७७१ |
| ६ | बेदनीधि पोखेल | सुलुबुङ्ग | ईलाम | चिया उत्पादक सहकारी संघ लि | सदस्य | ९८४२६४६७०१ |
| ७ | शंकर खनाल | सोल्मा | तेह्रथुम | चिया उत्पादक सहकारी संघ लि | अध्यक्ष | ९८५२०४९०४१ |
| ८ | ऋषिराम घिमिरे | ललितपुर | काठमाण्डौ | चिया उत्पादक सहकारी संघ लि. | अध्यक्ष | ९८५१०६०७३० |
| ९ | हर्क बहादुर तामाङ्ग | हल्दिबारी | झापा | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | लेखा सदस्य | ९८४२६७५७१६ |
| १० | झुना तामाङ्ग | पशुपतिनगर | ईलाम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सदस्य | ९८४२७१४६३४ |
| ११ | दिल कुमारी लिम्बु | दाँगपा | तेह्रथुम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सहकारी सहजकर्ता | ९८४२१३३५७५ |
| १२ | लिलम बहादुर बस्नेत | तेह्रथुम | तेह्रथुम | चिया उत्पादक सहकारी संघ लि. | सचिव | ९८४२३७९२७७ |
| १३ | चन्द्र लोक्ताम | साखेजुङ्ग | ईलाम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सहकारी सहजकर्ता | ९८०५३५२८९६ |
| १४ | विमला राई | शान्तिडाँडा | ईलाम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सहकारी सहजकर्ता | ९८६२६६५९१७ |
| १५ | रीता बरामु | काठमाण्डौ | काठमाण्डौ | राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल | रिसर्ज एसोसिएट | ९८४९५१४९०६ |
| १६ | श्याम कृष्ण सापकोटा | ललितपुर | काठमाण्डौ | चिया उत्पादक सहकारी संघ लि. | सचिव | ९७५१००३९८० |
| १७ | गोविन्द प्रसाद दहाल | साखेजुङ्ग | ईलाम | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | अध्यक्ष | ९८५१०८०४९२ |
| १८ | मिना राई | पशुपतिनगर | ईलाम | चिया उत्पादक सहकारी संघ लि. | लेखा सदस्य | ९८१६९२४६८१ |
| १९ | याम विक्रम लावती | फिदिम | पाँचथर | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सहकारी सहजकर्ता | ९८५२६८१९८६ |
| २० | राजेन्द्र कुमार जवेगु | फिदिम | पाँचथर | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | उपाध्यक्ष | ९८४२६६१४८३ |
| २१ | दावा तामाङ्ग | देउमाई नपा | ईलाम | हिलटप चिया उत्पादक सहकारी संस्था लि. | अध्यक्ष | ९७४२६१३७४२ |
| २२ | अम्बिका थापा | पाखीबास | धनकुटा | केन्द्रीय चिया सहकारी संघ लि.नेपाल | सहकारी सहजकर्ता | ९८४२१५८८३४ |

# सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न

केन्द्रिय चिया सहकारी संघको नेपालको आयोजनामा नेपालका १० जिल्लाका चिया सहकारीहरूको अध्यक्ष ,व्यवस्थापक तथा प्रतिनिधिहरूलाई मिति २०७१ पौष ९ देखि १३ सम्म इलामको सुनगाभा विकास संस्थाको सभा हलमा सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम प्रदान गरिएको थियो । नयाँ दर्ता भएका चिया सहकारीहरूको व्यवस्थापन क्षमता अभिवृद्धी गरी सहकारी संचालनमा सहयोग पुऱ्याउने उद्धेश्यले आयोजित उक्त तालिम कार्यक्रममा इलामका ५, ताप्लेजुङ्गका १, संखुवासभाका २, धनकुटाका १, झापाका १, पाँचथरका २, सोलुखुम्बुका १, रामेछापका १ ललितपुरका ५ र तेह्रथुमका १ गरि ४ महिला सहित २० जनाको सहभागिता रहेको थियो । केन्द्रिय चिया सहकारी संघ नेपालका अध्यक्ष श्री गोविन्द प्रसाद दहालले कार्यक्रमको उद्घाटन सत्रमा यस तामिलबाट सिकेका ज्ञानहरूलाई सहकारीका प्रयोग गर्नका लागि अनुरोध गर्दै सहकारीलाई निरन्तर रूपमा अगाडी बढाउन शिक्षा तथा तालिमको ठूलो महत्व रहने कुरा वताउनु भएको थियो भने उक्त कार्यक्रममा संघका तर्फबाट सञ्चालक सदस्य श्री पूर्ण बहादुर मुखियाले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा संघका महासचिव रविन राई, सहकारी प्रशिक्षक कमल श्रेष्ठ, सहकारी निरिक्षक देवेन्द्र दास राई तथा सहकारी



*तालिममा सहजीकरण गर्दै संघको महा सचिव रविन राई*

सहजकर्ता चन्द्र लोक्ताम लिम्बूले सहजिकरण गर्नुभएको थियो । ५ दिन सम्म चलेको उक्त तालिम कार्यक्रममा सहकारीको परिभाषा, मुल्य मान्यता तथा सिद्धान्त, सहकारीमा सदस्यहरु आबद्ध हुनुको कारण, सदस्यहरूको प्रतिवद्धता, सहकारी ऐन नियम र मापदण्ड, सहकारी व्यवस्थापन प्रणाली, सहकारी व्यवसायमा उद्यमशीलता, सहकारी बजार व्यवस्थापन, सहकारी र सुशासन, सरोकारवाला विश्लेषण, मुल्य श्रृखला तथा मुल्य श्रृखलामा सहकारीको भूमीका, सहकारीको व्यवसायिक योजना तथा बार्षिक कार्यक्रम जस्ता बिषयवस्तु समेटिएको थियो । उक्त कार्यक्रमको समापनमासँगै सहभागीहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो ।

## सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिमका सहभागिहरू

| क्र. सं. | सहभागिको नाम | आबद्ध सहकारी | पद | ठेगाना | जिल्ला | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| 1 | दिल कुमारी लिम्बू | पाथिभरा चिया उत्पादक सहकारी संस्था लि | सदस्य | हाङ्देवा ९ | ताप्लेजुङ्ग | 9844619983 |
| 2 | इन्द मेघि गुरूङ्ग | मकालु चिया तथा कफि उत्पादक सहकारी संस्था लि | सदस्य | तामाफोक ८ | संखुवासभा | 9842353730 |
| 3 | सन्जिव लिम्बु | मुढेबसन्त चिया उत्पादक सहकारी संस्था लि | सदस्य | बसन्तटार ३ | धनकुटा | 9807080705 |
| 4 | सालिकराम ढुङ्गाना | सुरेन्द्रनगर चिया उत्पादक सहकारी संस्था लि | सदस्य | मेचिनगर | झापा | 9842671154 |
| 5 | देवि बहादुर खड्का | भोटनागि चिया उत्पादक सहकारी संस्था लि | कोषाध्यक्ष | फुलासि ८ | रामेछाप | 9744041658 |
| 6 | अशोक राई | चिवा भञ्याङ्ग चिया उत्पादक सहकारी संस्था लि | सदस्य | च्याङ्थापु | पाँचथर | 9862632843 |
| 7 | सोनाम छिरिङ्ग शेर्पा | सगरमाथा चिया उत्पादक सहकारी संस्था लि | सदस्य | मकान्जे ४ | सोलुखुम्बु | 9803842491 |
| 8 | शान्त प्रसाद गौतम | महाभारत चिया उत्पादक सहकारी संस्था लि | उपाध्यक्ष | कालेश्वर | ललितपुर | 9751029218 |
| 9 | राज कुमार तिम्सिना | पहिचान चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक | धुसेल | ललितपुर | 9841721061 |
| 10 | कल्पना खड्का | बरबोटेली चिया उत्पादक सहकारी संस्था लि. | सदस्य | बरबोटे ७ | इलाम | 9842778077 |
| 11 | चन्द्र राई | बतासे चिया उत्पादक सहकारी संस्था लि। | अध्यक्ष | लक्ष्मिपुर | इलाम | 9842641848 |
| 12 | टेक बहादुर श्रेष्ठ | बोधढुङ्गा चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | सोयाङ्ग २ | इलाम | 9844622265 |
| 13 | इन्दिरा निरौला | सयपत्री चिया उत्पादक सहकारी संस्था लि | सदस्य | कन्याम १ | इलाम | 9844628146 |
| 14 | राज कुमार हुमागाँई | ग्रीन गोल्ड अर्गानिक चिया उत्पादक सहकारी संस्था लि | सदस्य | चोघरे ४ | ललितपुर | 9849193123 |
| 15 | भक्त बहादुर खड्का | मकालु चिया तथा कफि उत्पादक सहकारी संस्था लि | सदस्य | वाना १ | संखुवासभा | 9842125842 |
| 16 | तिल बहादुर बस्नेत | बसन्त चिया उत्पादक सहकारी संस्था लि. | अध्यक्ष | बसन्तपुर ४ | तेह्रथुम | 9842501149 |
| 17 | यबिन्द्र जबेगु | सेसेलुङ्ग चिया उत्पादक सहकारी संस्था लि. | लेखा संयोजक | याङ्गनाम ६ | पाँचथर | 9814035952 |
| 18 | टुक्र प्रसाद घिमिरे | एभेरेष्ट अर्गानिक चिया उत्पादक सहकारी संस्था लि | सदस्य | कालेश्वर | ललिपुर | 974369312 |
| 19 | राजेन्द्र घिमिरे | गडिमाई चिया उत्पादक सहकारी संस्था लि | सदस्य | चन्दनपुर २ | ललितपुर | 9751026448 |
| 20 | गुरू कुमारी भट्टराई | सिद्धिथुम्का चिया उत्पादक सहकरी संस्था लि। | सदस्य | सिद्धिथुम्का ३ | इलाम | 9815023459 |

# अगुवा चिया कृषकहरूलाई चिया खेती प्राविधिक तालिम सम्पन्न

चिया नेपालको निर्यातयोग्य वस्तु मध्ये प्रमुख वस्तु हो । यसले नेपालको कुल निर्यातको २% हिस्सा ओगटेको छ भने अन्तर्राष्ट्रिय चिया बजारको ०.२६% प्रतिशत हिस्सा ओगटेको छ । अन्तर्राष्ट्रिय बजारको सानो हिस्सा ओगटेको भएपनि यसको निर्यातको सम्भावना बढी रहेको छ जसले नेपालीहरूको सामाजिक आर्थिक अवस्थालाई सुधार गरि गरिबि निवारणमा ठूलो सहयोग पुऱ्याउने देखिन्छ । नेपाली आर्थोडक्स चियाको उत्पादनमा साना चिया कृषकहरूको ठूलो भूमिका रहेको छ । यस किसिमका साना किसानहरूले कुल उत्पादनको ६७.५२% तथा कुल चिया रोपण क्षेत्रफलको ६१.४९ % हिस्सा ओगटेको छ । यद्यपी यी साना चिया किसानहरूले उत्पादन गर्ने हरियो चियाको उत्पादकत्व तथा गुणस्तर भने न्यून रहेको पाइन्छ जसको मुख्य कारण चिया कृषकहरूमा चिया खेतीको प्राविधिक ज्ञानको कमि, रोग किरा नियन्त्रण गर्ने ज्ञानको अभाव, उचित मलखादको ज्ञानको अभाव, हरियो चिया पत्तिको सहि व्यवस्थापनको कमी आदि रहेको पाइन्छ । यस्ता विविध समस्या तथा अभावहरूलाई न्यूनीकरण गर्नका लागि केन्द्रीय चिया सहकारी संघको आयोजना तथा चिया उत्पादक जिल्ला सहकारी संघहरूको सहआयोजनामा उन्नती कार्यक्रम (UNNATI Inclusive Growth Program) परियोजनाको आर्थिक सहयोगमा विभिन्न ६ जिल्लामा अगुवा चिया कृषकहरूको लागि चिया प्राविधिक तालिम सम्पन्न भएको छ । अगुवा चिया कृषकहरूको चिया खेती प्रणालीमा सुधार ल्याउन तथा आगामि दिनहरूमा अन्य चिया कृषकहरूलाई चिया खेती सम्बन्धि तालिम तथा सहयोग गर्न सक्ने उपयुक्त व्यक्तिको पहिचान गरि चिया प्राविधिकको विकास गर्ने उद्धेश्यका साथ उक्त तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तालिम कार्यक्रम नेपालका ६ जिल्लाका १९३ जना पुरुष, ८६ महिला गरि जम्मा २७९ जना व्यक्तिहरूलाई प्रदान गरिएको थियो ।



*इलामको फिक्कलमा संचालित तालिम समापन सत्रमा उन्नती कार्यक्रमका टिम लिडर डा. केन सहभागीहरूलाई धन्यवाद प्रदान गर्दै*

तालिम कार्यक्रमलाई प्रभावकारी तथा सिकाईमुलक बनाउनका निम्ति सैद्धान्तिक तथा प्रयोगात्मक दुबै विधिबाट तालिम सञ्चालन गरिएको थियो । प्रत्येक तालिम कार्यक्रम एक औपचारिक कार्यक्रमबाट सुरु गरिएको थियो भने तालिम कार्यक्रममा अन्तिम दिन पनि औपचारिक कार्यक्रम सञ्चालन गरि सहभागिहरूलाई प्रमाणपत्र वितरण गरि समाप्त गरिएको थियो । चिया खेतीको अवस्थालाई मध्यनजर गरि तालिम क्षेत्रलाई ३ भागमा विभाजन गरि सोहि अनुरूपको विषयवस्तु समाबेश गरि तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । तीन दिन सम्म सञ्चालित उक्त कार्यक्रम जम्मा १२ वटा सेसनमा विभाजन गरि सैद्धान्तिक तथा प्रयागात्मक दुबै विधिबाट सञ्चालन गरिएको थियो । तालिम कार्यक्रममा उन्नती परियोजनाका तर्फबाट पनि लैङ्गीक तथा समाजिक समाबेशीकरणको बारेमा समेत सहजीकरण भएको थियो ।



*चिया खेती प्राविधिक तालिममा सहभागीहरू प्रयोगात्मक अभ्यास गर्दै*

## तालिम कार्यक्रममा सहभागीहरूको विवरण

| जिल्ला | तालिमको संख्या | सहभागि अगुवा कृषक | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| इलाम | 2 | 35 | 17 | 52 |
| पाँचथर | 2 | 37 | 16 | 53 |
| धनकुटा | 2 | 35 | 11 | 46 |
| संखुवासभा | 2 | 36 | 20 | 56 |
| तेह्रथुम | 2 | 30 | 20 | 50 |
| भोजपुर | 1 | 20 | 2 | 22 |
| **जम्मा** | 11 | 193 | 86 | 279 |

## तालिम समय तालिका

| जिल्ला | तालिम संख्या | तालिम कार्यक्रम | | प्रशिक्षक | पर्यबेक्षक | संघको तर्फबाट सहभागि |
|---|---|---|---|---|---|---|
| | | मिति | स्थान | | | |
| ईलाम | २ | पौष २८-३० २०७१ | साखेजुङ्ग हिमालय सांग्रीला टि स्टेट प्रा.लि. | एस.के. प्रधान सोनाम लामा रामचन्द्र नेपाल | रूद्र बराल, केशव प्रसाद सिलवाल, विष्णु काफ्ले, राम प्रसाद रेग्मी (उन्नती इलाम) | गोविन्द प्रसाद दाहाल, रविन राई, विमला राई, योगेश्वर दाहाल, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| | | माघ १०-१२ | लेप्चा भवन फिक्कल | एस.के. प्रधान सोनाम लामा रामचन्द्र नेपाल | डा. केन्नेथ नैल, रूद्र बराल, केशव प्रसाद सिलवाल, बचना शाही, राम प्रसाद रेग्मी (उन्नती इलाम) | रविन राई, झुना तामाङ्ग, पूर्णबहादुर राई, विमला राई, योगेश्वर दाहाल, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| पाँचथर | २ | माघ २-४ २०७१ | राँके पाँचथर | एस.के. प्रधान सोनाम लामा रामचन्द्र नेपाल | दुर्गा मणि न्यौपाने, शम्भु यादव, केशव प्रसाद सिलवाल (उन्नती) | रविन राई, नन्द कुमार आङ्गथुपो, विमला राई, याम विक्रम लावति, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| | | माघ १९-२१ २०७१ | पञ्चमी गोपेटार पाँचथर | एस.के. प्रधान सोनाम लामा | दुर्गा मणि न्यौपाने, शम्भु यादव, केशव प्रसाद सिलवाल (उन्नती) | सुरेन्द्र प्रकाश सुहाङ्ग, नन्द कुमार आङ्गथुपो, इन्द्र प्रसाद आङ्गदेम्बे, विमला राई, याम विक्रम लावति, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| धनकुटा | २ | माघ १४-१६ २०७१ | टुरिजम होटल हिले धनकुटा | एस.के. प्रधान सोनाम लामा बिजय कुमार मिश्र | विश्व बन्धु राजसिंह, रोहित कुमार यादव (उन्नती) | विमला राई, अम्बीका थापा केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| | | १७-१९ माघ २०७१ | धनकुटा हिले | एस.के. प्रधान सोनाम लामा बिजय कुमार मिश्र | विश्व बन्धु राजसिंह, रोहित कुमार यादव (उन्नती) | विमला राई, अम्विका थापा केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| तेह्रथुम | २ | माघ २४-२६ २०७१ | सोल्मा तेह्रथुम | एस.के. प्रधान सोनाम लामा बिजय कुमार मिश्र | रोहित कुमार यादव (उन्नती) | शंकर खनाल गणेश प्रसाद ढुङ्गेल, बिमला राई, अम्बिका थापा, दिल कुमारी लिम्बु, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| | | माघ २५-२७ २०७१ | सोल्मा तेह्रथुम | एस.के. प्रधान सोनाम लामा बिजय कुमार मिश्र | रमेश भण्डारी रोहित कुमार यादव (उन्नती) | शंकर खनाल गणेश प्रसाद ढुङ्गेल, बिमला राई, अम्बिका थापा, दिल कुमारी लिम्बु, केन्द्रीय चिया सहकारी संघ तथा चिया उत्पादक जिल्ला सहकारी संघ |
| संखुवासभा | २ | माघ १४-१६ २०७१ | मुढे शनिश्चरे संखुवासभा | ज्योति अधिकारी शंकर खनाल | डिल्ली प्रसाद पौडेल - उन्नती संखुवासभा | भिम लिङ्खा, टेक बहादुर मगर मकालु चिया उत्पादक सहकारी संस्था |
| | | १८-२० माघ २०७१ | चिचिला संखुवासभा | ज्योति अधिकारी शंकर खनाल | डिल्ली प्रसाद पौडेल उन्नती संखुवासभा | शंकर खनाल |
| भोजपुर | १ | माघ १४-१६ २०७१ | धनकुटा हिले | ईन्द्र अधिकारी इन्द्र सारू मगर | ज्योति ढुङ्गाना भोजपुर | बिमला राई, अम्बिका थापा |

# एशियन फार्मर एशोसिएसन फर सस्टेनएबल रुलर डेभलपमेन्ट को केन्द्रीय चिया सहकारी संघमा अवलोकन भ्रमण सम्पन्न




एशियन फार्ममर एशोसिएसनको अध्यक्ष तथा महासचिव केन्द्रीय चिया सहकारी संघ लि को भ्रमणमा

Asian Farmer Association for Sustainable Rural Development (AFA) एशिया स्तरको केन्द्रीय स्तरको संघहरूको संस्थागत प्रतिनिधी रहने संगठन हो । यस संस्थामा १५ देशको १७ केन्द्रीय संघ आबद्ध रहेका छन् । केन्द्रीय चिया सहकारी संघले सन् २०१४ मा यस संगठनको सदस्यता लिएको छ । यस संगठनले किसानहरूको दिगो विकासका निम्ति किसानहरूको समस्या समाधान गर्नका निम्ति अन्तर्राष्ट्रिय रूपमा नीति निर्माण गर्न, किसानको अधिकार तथा विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बहस तथा पैरवी कार्य गर्ने गर्दछ । साथै यस संगठनले साना स्तरका किसानहरूको आवाज बलियो तथा प्रभावकारी ढङ्गले अन्तर्राष्ट्रिय विभिन्न दातृ संस्थाहरु र सम्वन्धित निकायमा उठाउने कार्य गर्दछ । यस संगठनने बिभिन्न समयमा आफ्ना सदस्य संघहरूलाई क्षमता विकास र सदस्य संघहरूद्धारा उत्पादित वस्तुको बजारीकरणमा समेत सहयोग गर्दै आएको छ । यसको प्रधान कार्यलय फिलिपिन्सको मलिनामा रहेको छ ।

उक्त संगठनका अध्यक्ष जापानका सिम्पेयी मुराकामी तथा महासचिव फिलिपिन्सका पेन्युयीन एस्थरद्धारा २०७१ फाल्गुन ३ देखि ६ गतेसम्म केन्द्रीय चिया सहकारी संघ लि. नेपालको भ्रमण गर्नु भएको थियो । भ्रमणको क्रममा फाल्गुन ३ गते इलामको कन्याम स्थित कन्याम चिया उत्पादक सहकारी संस्था लि. को प्रशोधन कारखानामा छोटो अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त अन्तक्रिया कार्यक्रममा नेपालको चिया क्षेत्रको समस्या तथा AFA को अनुभव आदान प्रदान गरिएको थियो भने कन्याम चिया उत्पादक सहकारी संस्थाको प्रशोधन कारखानाको अवलोकन भ्रमण गर्नुभएको थियो । उक्त कार्यक्रममा केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द प्रसाद दाहाल, सञ्चालक सदस्य पूर्ण वहादुर मुखिया, सञ्चालक सदस्य लेखनाथ खतिवडा, कन्याम चिया उत्पादक सहकारी संस्थाका अध्यक्ष नरकुमार श्रेष्ठ, सो क्षेत्रमा चिया खेतीका सुरूवात गर्ने अग्रणी व्यक्तित्व लगायत विभिन्न चिया तथा दुग्ध सहकारी संस्थाका प्रतिनिधि तथा अगुवा चिया कृषकहरूको उपस्थिति रहेको थियो । सोहि दिन कन्याम स्थित कन्याम दुग्ध उत्पादक सहकारी संस्था द्धारा सञ्चालित चिस्यान केन्द्रको भ्रमण गर्नुभएको थियो । भ्रमणको क्रममा फाल्गुन ४ गते ईलामको विश्व रामसार क्षेत्रमा सुचिकृत पर्यटकिय तथा धार्मिक स्थल माईपोखरीको भ्रमण गर्नुभएको थियो । उक्त समयमा त्यस क्षेत्रको चिया सहकारी तथा अगुवा कृषकहरूसँग छोटो अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द प्रसाद दाहाल तथा सञ्चालक सदस्य पूर्ण मुखिया, लेखा अधिकृत योगेश्वर दाहालको उपस्थिति रहेको थियो । सोहि दिन ईलामको साखेजुङ्ग गा.वि.स. स्थित हिमालय साग्रीला टि स्टेट प्रा.लि. मा एक अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरि त्यस क्षेत्रका चिया कृषक तथा अगुवा कृषकहरूसँग अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरि फाल्गुन ५ गते विहान पाँचथरस्थित होटल सरगमको सभाहलमा सम्पन्न अर्न्तक्रिया कार्यक्रममा पनि अध्यक्ष तथा महासचिवको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा केन्द्रीय चिया सहकारी संघ नेपालका अध्यक्ष गोविन्द दाहाल, उपाध्यक्ष राजेन्द्र जबेगु, सञ्चालक सदस्य पूर्ण मुखिया, सञ्चालक सदस्य सुरेन्द्र प्रकाश सुहाङ्, चिया उत्पादक जिल्ला सहकारी संघ पाँचथरका अध्यक्ष नन्द कुमार आङ्थुपो, सचिव ईन्द्र प्रसाद आङ्देम्बे, सञ्चालक सदस्य निरन्ती तुम्बाप्पो, सञ्चालक सदस्य बालिका न्यौपाने उन्नती कार्यक्रम पाँचथरका दुर्गामणि न्यौपाने लगायत पाँचथर जिल्लाका चिया तथा दुग्ध सहकारीहरु संस्थाको प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यसै गरी केन्द्रीय चिया सहकारी संघ लि. नेपालको कार्यलयमा संघ र AFA का अध्यक्ष तथा महासचिव बिच अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संघको महासचिव रविन राईले केन्द्रीय चिया सहकारी संघको तर्फबाट संघको परिचय सहित संघको लक्ष्य, उद्धेश्य, निति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा संघको अध्यक्ष गोविन्द प्रसाद दाहाल, उपाध्यक्ष राजेन्द्र जबेगु, सञ्चालक सदस्य पूर्ण मुखिया, सञ्चालक सदस्य लेखनाथ खतिवडा, चिया उत्पादक जिल्ला सहकारी संघका सञ्चालक सदस्य बेधनिधि न्यौपाने लगायत केन्द्रीय चिया सहकारी संघका कर्मचरीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा AFA ले भावि दिनमा गर्न लागेको कार्यक्रमहरु बारे अध्यक्ष मुराकामि तथा महासचिव एस्थरले जानकारी प्रदान गर्नुभएको थियो । उक्त छलफलमा अगामी दिनहरूमा सयुक्त रूपमा गर्न सकिने कार्यक्रमको वारेमा छलफल समेत भएको थियो ।

# पहाडमा प्रांगारिक चिया

- महेश्वर घिमिरे

## नेपालमा प्राङ्गारिक चिया खेतिको इतिहास र हालको अवस्था

इलाम जिल्लामा १८६३ बाट चिया रोपण शुरू भएर १८७८ मा पहिलो चिया कारखाना नेपालमा शुरू भएको इतिहासले देखाउछ । त्यस पछिका दिनमा पहाड, तराईमा चिया खेति क्रमशः बढि राखेको छ ।

यसरी पहाडि क्षेत्रमा उत्पादन हुने चियालाई अर्थोडक्स चिया भनिन्छ । अर्थोडक्स चिया खेति गर्न लगभग १८७५० साना किसान संलग्न छन । साना किसानले उत्पादन गरेको चियालाई प्रशोधन गर्न पहाडी क्षेत्रमा मात्र १९ वटा चिया कारखाना स्थापना भएका छन् । यसरी उत्पादन भै-प्रशोधन भएको अुर्थोडक्स चिया लगभग ९७% प्रतिशत देश बाहिर निर्यात हुन्छ । हाम्रो निर्यातको प्रमुख हिस्सा भनेको भारत नै हो जहाँबाट हामी तुलनात्मक रूपमा कम मुल्य प्राप्त गर्दछौ । यसबाट के बुझ्न सकिन्छ भने अर्थोडक्स चियाको उत्पादन तथा प्रशोधन गर्ने व्यवसायबाट हामीले यथोचित प्रतिफल प्राप्त गर्न सकेका छैनौ ।

## अर्थोडक्स चियाको हालको अवस्था

सन् २००६ अगाडिको अवस्थासँग हालको स्थितिलाई तुलना गर्ने हो भने प्रशस्त परिवर्तन भएको पाईन्छ । २००६ आगाडि ब्यापक रूपमा प्रयोग गरिने उत्पादन सामाग्री हाल परिवर्तन गर्न थालिएको छ । रासायनिक पदार्थको प्रयोग क्रमश घट्दै गएको छ ।

रासायनिक पदार्थको प्रयोग क्रमश घट्दै जानु राम्रो हो । हाल किसान समुदायको एउटै चासो छ । यसको बिकल्प के छ, कसरी छ, कहाँ छ र यसको नियमित आपुर्ति कसरी हुन्छ ? यसको उत्तर प्रथमतः सरकारी तवरबाटै आउनु पर्छ र सरकारी अभियान र प्रयासलाई अन्य गैर सरकारी क्षेत्रले सघाउनु पर्दछ ।

## बिकल्प

किसान तथा उपभोक्ता दुबैको चहाना बैकल्पिक, कम रासायनिक पदार्थको प्रयोग भन्ने भए पछि यो चासोलाई राज्यबाट संबोधन हुन पर्दछ यसमा दुई मत छैन । सबै भन्दा पहिला माटोको गुणस्तर सुधार्ने पद्धति तथा चिया बालीको खाद्य तत्व व्यवस्थापन नै हो । देशका विभिन्न भागमा खुलेका तथा संचालनमा रहेका प्राङ्गारिक मल कारखाना र यिनबाट उत्पादित मलको गुणस्तरको आधारमा यी मल प्रयोगको लागि सरकारी स्तरबाट सिफारिश हुन जरूरी छ । मलको गुणस्तरमापनको लागि सरकारी तथा स्वतन्त्र निकाय दुबैको संलग्नता हुन सकेमा नतिजा राम्रो आउन सक्छ जसबाट किसान समुदाय गुणस्तरहीन सामाग्री प्रयोग गर्न बाध्य हुनु पर्दैन ।

यसरी उत्पादन भएका प्राङ्गारिक मल तर्फ जानु भन्दा पूर्व किसान समुदायले आफनै जमीन घर आगनमा के गर्न सकिन्छ त्यो विषयमा पहिले विचार गर्नु पर्छ जस्तो लाग्छ । यस अर्न्तगत पशुपालन, चाँडो बढ्ने कोशे वाली युक्त बुट्यान तथा रूख लगाउने चियाबारी भित्र ब्यापक रूपमा सनही छर्ने तथा आफनो बगान मै जैविक पर्दाथ प्रशस्त भएको खण्डमा थोरै गाई, भैसी, बाखा, भेडा, कुखुराको मल तथा विरूवा जन्य जीवाष्मको मिश्रणबाट कम्पोष्ट मल बनाउन सकिन्छ ।

तेल उत्पादन गर्न सकिने फल फल्ने विरूवा जस्तै बकाइनो, अंजिर, चिउरी आदिको ब्यापक रोपण गर्न सकिएमा तेल किटनाशक विषादीको रूपमा र पिना कम्पोष्ट तथा बोकासी बनाउने सामाग्रीको रूपमा प्रयोग



गर्न सकिन्छ जसबाट कम्पोष्टमा पाइने नाइट्रोजन थोरै मात्रा मा भने पनि वृद्धि गर्न सकिन्छ यसको साथै पात पतिङ्गर प्रयोग को लागि ट्रेफोशिया, इपिल, सनहि जस्ता विरूवा बगानमा प्रशस्त लगाउनु पर्दछ ।

## चियाको बोटलाई खाद्य तत्व ब्यवस्थापन

चिया अन्य बाली भन्दा केहि बढि खाद्य तत्व (नाइट्रोजन) चाहिने बालि हो, किनभने हरेक पटकको पत्ति टिपाईसँगै वगानको खाद्य तत्व बगानबाट बाहिर जाने गर्दछ त्यसलाई नियमित रूपमा सोध भर्ना गर्न सकिएन भने बगानको खाद्य तत्व ब्यवस्थापनको अवस्था बिग्रन्छ ।

खाद्यतत्व ब्यवस्थापनमा प्रांगारिक तरिकाको बिधि अवलम्वन गर्दै लान सकिएको खण्डमा किसानलाई बाह्‍य सामाग्री प्रति को निर्भरता कम हुन गै बोझ कम हुन जान्छ ।

## प्रांगारिक चिया तथा संभावना

चियालाई प्रांगारिक, प्रकृति मैत्री तथा चुस्त सुचना सहित बगान ब्यवस्थापन गर्न सकियो भने शिक्षा प्रद सुचना संप्रेशित हुने तथा पर्याय-पर्यटनको संभावना बढ्न जान्छ । प्रांगारिक गुणस्तरीय चिया पत्तिको माग बढेर गएको अवस्थामा साना किसान समुह वा सहकारीमा आबद्ध भै प्रांगारिक चिया उत्पादन गर्ने पद्धति बसाल्ने हो भने चिया कारखानाहरु स्वभावैले बढि मुल्य तिर्न इच्छुक हुन्छन । चिया कारखनाले बढि मुल्य तिर्न तयार हुनुको अर्थ भनेको उनीहरूले चिया राम्रो मुल्यमा विक्रि गर्न सक्नु हो । यसरी किसान-प्रशोधनकर्ता-थोक ब्यापारी-खुद्रा ब्यापारी-उपभोक्ता सबै यो पद्धतिबाट लाभान्वित हुन्छन् । विश्वासको वातावरण विकास हुन्छ र व्यवसाय, पद्धति तथा प्रणाली यथोचित तरीकाले संचालन हुन्छ ।

***"प्रांगारिक पद्धति भनेको व्यवसाय मात्र नभै एक आपसमा विश्वासको वातावरण सिर्जना गर्ने माध्यम हो "***

## प्रांगारिक तर्फको पाइला

प्रांगारिक तर्फ नगई सकेका किसान समुदायले प्रांगारिक तर्फ जानु पूर्व आचार संहिता मापदण्ड अनुसार चिया उत्पादन गर्न सकिन्छ । यसले प्रांगारिक तर्फ जानको लागि धेरै सहयोग पुर्‍याउँछ । अर्को भाषामा भन्नु पर्दा CoC को माध्यमले प्रांगारिक तर्फ जान सजिलो हुन्छ ।

# प्रांगारिक प्रमाणिकरण प्रक्रिया



किसान समुहमा प्रांगारिक बिषयमा छलफल

⇩

किसानले समुहमा आफनो प्रतिबद्धता सहित निबेदन

⇩

प्रमाणिकरण निकायमा आवस्यक कागजात पेश गर्ने ⇔ प्रमाणिकरण निकाय बाट प्राप्त फर्म भर्ने

⇩

निरिक्षणको समय तोकिन्छ

⇩

निरिक्षकले निरिक्षणको समय तालिका मिलाउछन

⇩

बगान, कार्यलय निरिक्षण हुन्छ, कृषक संग अन्तरबार्ता

⇩

प्रमाणिकरण निकायमा प्रतिबेदन पेश हुन्छ

⇩

प्रमाणिकरण निकायमा निरिक्षण उपर समीक्षा अध्ययन

⇩

प्रमाणिकरण हुने नहुने निर्णयको चिठी तथा प्रमाणिकरणका शर्तहरू सहित सहकारी वा समुहलाई पत्र प्राप्त हुन्छ

आन्तरिक नियन्त्रण प्रणाली कार्यक्रम कार्यन्वयन २-३ बर्ष

प्रमाणिकरण निकाय बाट प्राप्त फर्म भर्ने

सहकारी समुह र प्रमाणिकरण निकायबिच संझौता

सबै कागजात ठिक भए निरिक्षणको लागि तय हुन्छ ।

- यसरी प्रमाणिकरण प्रकृयाबाट गइसके पछि यदि सबै कुरा मापदण्ड मुताबिक भएमा साना किसान समुह वा सहकारीको नाममा प्रमाणपत्र प्राप्त हुन्छ ।
- प्रमाणीकरण प्रकृयामा गए पछि आन्तरिक नियन्त्रण प्रणालीलाई अरू चुस्त, परिस्कृत, कडा बनाउनु पर्दछ जसले गर्दा वस्तुको गुणस्तर कायम राख्न सहयोग गर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणालीले सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यावरणीय विषयमा समुह सदस्यहरूको क्षमता विकाशमा सहयोग पुग्छ ।
- प्रांगारिक चिया उत्पादन बगैंचा ब्यवस्थापनको अलावा आन्तरिक नियन्त्रण प्रणालीले ग्रामिण विकासको अन्य क्षेत्र पशुपालन, स्वास्थ्य सिंचाई, ग्रामिण विकास, निर्माण, (संरचना) लाई पनि चुस्त राख्न तथा उपयुक्त तरीकाले संचालन गर्न सहयोग गर्दछ ।

## बजार

यसरी प्रमाणीत भएको बस्तु (चिया) स्थानिय तथा अन्तर्राष्ट्रिय बजारमा कस्तो तरिकाबाट विनिमय भएको छ सो विषयमा व्यवसायी, किसान तथा निर्यातकर्ताको बिचमा छलफल तथा बिचारको आदान प्रदान हुन पर्दछ ।

- यो प्रकृयाको लागि कुनै कुनै प्रमाणिकरण निकायले अप्रत्यक्ष रूपमा भुमिका पनि निर्वाह गर्दछन ।

  यो सबै प्रयास, कार्यक्रमको कार्यान्वयन तथा प्रतिफल प्राप्त हुनु भनेको आर्थिक तथा भौतिक विकाश मात्र नभै हाम्रो वरपरको कृषि वातावरणको संरक्षण गर्दै हालको अवस्थालाई प्रतिकुल असर पर्न नदिइ भोलिका भावी पिंढीलाई समेत प्रशस्त अवसरको सिर्जना गरी दिनु हो । मुलतः यस कार्यक्रमले समुदायको बहुआयामिक विकाशमा सहयोग पुऱ्याउँदै स्वस्थ समाज, जैविक विविधता संरक्षण तथा दिगो आर्थिक विकाशमा टेवा पुऱ्याउँछ ।



# आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी

– केशव प्रसाद वडाल
*अध्यक्ष, राष्ट्रिय सहकारी संघ लि. नेपाल*

## भूमिका

सहकारी आन्दोलन सामाजिक न्याय, उत्पादकत्व वृद्धि र वैज्ञानिक प्रयोगद्वारा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा लोकतान्त्रिक आर्थिक आधार व्यवस्थापन विधि सहितको व्यवसायिक संरचना हो । सहकारी सामाजिक व्यवसाय हो जसले सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि निरन्तर लागिरहनु आफ्नो प्रमुख दायित्व सम्झन्छ । समकालिन समाजमा सामाजिक र राष्ट्रिय रूपमा सृजना भएका सबै खाले समस्यालाई समाधानका लागि हरेक प्रकारले प्रयास गर्नु सहकारीका सदस्य, संस्था र संघहरूको महत्वपूर्ण दायित्व हो । कुनै देशको नागरिक हुनुको महत्वपूर्ण कर्तव्य, त्यो समाज र राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय क्षेत्रका समस्या र विषमता हटाउन प्रयास गर्नु हरेक नागरिकको पनि दायित्व हो ।

अहिले हाम्रो देश भयानक व्यापार घाटा व्यहोरिरहेको छ । देशको चालु वर्षको कूल बजेट ६१८ अर्ब छ, तर यो आर्थिक वर्षको पहिलो ६ महिनामै ३४४ अर्ब व्यापार घाटा भैरहेको छ । त्यसै गरी देशका सुदरवर्ति पछाडि परेका गाउँहरु, सीमान्तकृत समुदायहरु, गरीवीको रेखामुनि रहेका २३.८ प्रतिशत जनताहरु, देशको कूल जनसंख्याको १३.८ प्रतिशत रहेका दलित समुदायहरूले सामाजिक न्याय प्राप्त गर्न सकिरहेका छैनन् । यस्तो स्थितिबाट राष्ट्र र समाजलाई माथि उठाउन सामाजिक न्याय सहितको स्वाधिन र सम्बृद्ध राष्ट्र निर्माण गर्न सहकारी क्षेत्रको काँधमा गहन दायित्व रहेको छ । यसै विषयलाई ध्यानमा राखेर आगामी वर्षभरीका लागि "आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी" भन्ने ध्येय (थिम) तय गरिएको छ । यो ध्येय प्राप्तिका लागि संविधानमा, ऐन, कानुन, नीति निर्देशन, निर्देशिकामा प्रतिविम्बित होस् भनेर, सहकारी, निजी क्षेत्र र सम्वद्ध सबैको समेत ध्यान केन्द्रीय होस् भनेर यो थिम तय गरिएको छ । सबै सहकारीकर्मीले यो थिमलाई मूर्तरूप दिन र मन, बचन र कर्मले खोजमूलक ढंगले लाग्न, लगाउन राष्ट्रिय सहकारी संघको तर्फबाट विनम्रतापूर्वक अनुरोध गर्दछु ।

## आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी किन ?

हाम्रो संविधान, राष्ट्रिय अर्थनीति, बजेट तथा कार्यक्रम, हाम्रो सहकारी ऐन, नीति र निर्देशिकाले सहकारीको महत्वको गहिराईमा पुग्ने र सम्वोधन गर्न जरूरी छ । सहकारी संघ/संस्था, सदस्य र संचालकहरूले सहकारीको दर्शन, सिद्धान्त, मूल्य, मान्यता र आचरण अनुसार अघि बढ्न, मन बचन र कर्मले प्रतिवद्ध हुनुपर्छ ।

सहकारी मानवीय आवश्यकताका सबै प्रकारका बस्तु तथा सेवा उत्पादन तथा वितरणका क्षेत्रमा जानुपर्छ । सहकारीले आजको अवस्था सुहाउँदो व्यवस्थापन, प्रविधि, गुणस्तर, अकार्षण र व्यवहारिक ढंगले उत्पादनका साधनमा सहकारीका सदस्य तथा समुदायको स्वामित्वमा हुने हुँदा मान्छेद्वारा मान्छेमाथि गरिने शोषणको अन्त गर्ने आधार निर्माण गर्नुपर्छ । जसले समाजका सबैसँग साथीपनको विकास गर्दै जानेछ । जातीय, भाषिक, धार्मिक र आस्थगत विभेदलाई क्रमशः अन्त गर्दै लानेछ । सबै वर्ग, समुदाय, क्षेत्रमा रहेका व्यवहारिक र मनोवैज्ञानिक विभेदलाई अन्तगर्दै अघिबढ्ने भौतिक तथा सांस्कृतिक क्षेत्रमा पारस्परिक सम्मानको आधार निर्माण गर्दै जानेछ । सहकारी शारीरिक तथा मानसिक श्रम गर्ने ग्रामीण तथा सहकारी क्षेत्रमा बसोवास गर्ने, स्वाभिमानपूर्वक बाँच्ने र विकास गर्न चाहने सबैको साझा क्षेत्र भएकोले यसमा आउने उत्साह, जाँगर र जागृतिले उत्पादन क्षेत्रमा नयाँ गति ल्याउने छ । छरिएको पूँजी, श्रम, सिप र अनुभवलाई सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि नयाँ नयाँ खोजमूलक ढंगले विकासको गतिलाई तिब्रता दिने क्षेत्र सहकारी हो ।

गत २० वर्ष अघि हुँदै नभएको हाते मोवाइल, ल्यापटप लगायतका कतिपय इलेक्ट्रोनिक सामान आयात हुँदैनथ्यो, ऐले १०० अर्ब भन्दा बढीको यस्ता सामान विदेशबाट आयात भएका छन् । ३५ लाख भन्दा बढी युवा युवतीहरु वैदेशिक रोजगरीमा गएका छन् र ५०० अर्ब भन्दा बढीको वैदेशिक मुद्रा नेपाल पठाएका छन् । विगत कुनै पनि समयको भन्दा बढी खाद्य, पेय, लत्ताकपडा मात्रै हैन यातायात र अन्य भौतिक आवश्यकताको माग व्यापक बढ्दै गएको छ । त्यो आवश्यकताका बस्तु हाम्रो देशमा उत्पादन नभएको र भएपनि आवश्यक मात्रामा उत्पादन नभएको हुँदा बढ्दो आवश्यकता र उपभोग क्षमतामा वृद्धि र त्यसको पूर्तिका लागि उत्पादन हुँन नसक्दा आयात बढ्दै जाने निर्यात घट्दै जाने विषम अवस्थाले व्यापार घाटा विकराल ढंगले बढ्दै गएको छ । यस्तो अवस्था बढ्दै जाँदा देशको अर्थतन्त्र खतरामा पर्दै जाने हुँदा आयात प्रतिस्थापन जरूरी छ । आयात गर्नै पर्ने अत्याधुनिक प्रविधियुक्त वस्तु आयातका बाध्यता भएपनि कतिमय अनावश्यक वस्तु पनि आयात भएका छन् । कतिपय हाम्रै माटोमा उत्पादन गर्न सकिने बस्तु पनि आयात भएका छन् । त्यस्तो अवस्थालाई निस्तेज पार्न सहकारी क्षेत्रले पनि अनुसन्धान र विकास गर्नु पर्छ । राज्यले त्यसका लागि पूर्वाधार, प्रविधि र तालिमको व्यवस्था गर्नुपर्छ । पेट्रोलियम पदार्थ, फलाम, मोटर पार्टस्, विकास निर्माणका उपकरण र पार्टपूर्जा आयात गर्नु हाम्रो वाध्यता हो तर अन्न, सागपात, फलफुल, दूध, माछामासु आयात गर्न वाध्यता होइन । हामीसँग भएको जमीन, जंगल, जल, जडिवुटी र खनिजपदार्थलाई अधिकतम विकास गरेर, उत्पादन, प्रशोधन, भण्डारण र वितरण गरेर यस्तो आयातलाई प्रतिस्थापन गर्न सकिन्छ । यसका लागि सहकारी क्षेत्र सक्रिय हुनु जरूरी छ । पेट्रोलियम पदार्थको आयात न्यून गर्न पनि बिद्युत उत्पादन, बृकेट उत्पादन, सौर्य उर्जा, बायुउर्जा उत्पादनबाट आयत प्रतिस्धापन गर्न सकिन्छ । यसमा कसरी गतिदिने यसका लागि अगुवा सहकारीकर्मिले खोजमूलक ढंगले व्यवहारमा जानुपर्छ ।

## कृषि र पशुपालन क्षेत्र, वन र वनपैदावार क्षेत्रका वस्तु पनि किन आयात भैरहेको छ ?

सूचना तथा संचारको विकासले संसारभरिका उत्पादन प्रविधि हातमा लिएको मोवाइलबाटै देख्न, सुन्न र अनुभव गर्न पाइरहेका छन् । हाम्रो कृषि प्रणालिको ठूलो हिस्सा अहिले पनि परम्परावादी नै छ । त्यसको साथै पशुपालन, बन पैदावारको प्रयोग र विकास विधि पनि परम्परावादी नै छ । अत्यन्त कष्टकर ढंगले उत्पादन, भण्डारण र स्थानन्तरण गर्नुपर्ने वाध्यता छ । आजका युवा जनशक्तिमा आधुनिक प्रविधि र बिधीबाट उत्पादन गर्न चाहने भावना विकास भएको छ । भौतिक परिस्थिति पुरानै छ । उत्पादक शक्तिको मनोगत स्थिति संसारका विभिन्न देशको वैज्ञानिक उपकरणको प्रयोगले कृषि तथा पशुपालन र वन पैदावारको विकास भएको कुरा संचार माध्यमबाट हेरिरहेका छन्, पढिरहेका छन् । यसले गर्दा आफ्नो पछौटे उत्पादन प्रणालीप्रति विकर्षण र संसारका विभिन्न देशको आधुनिक प्रविधियुक्त उत्पादन प्रणालीप्रति आकर्षण बढिरहेको छ । यसकारण क्रमशः हाम्रा खेतवारी श्रमको अभावमा बाझै बस्ने र सक्षम युवाजनशक्ति बाहिरिने क्रम बढ्दै गएको छ । यो अवस्थालाई बदल्नका लागि तालिम, प्रशिक्षण, पूर्वाधार र आधुनिक प्रविधियुक्त उत्पादन आधारबाट उत्पादक शक्तिलाई प्रोत्साहित नगरिकन उत्पादन बढ्दैन । उत्पादित बस्तुको आकर्षण र गुणस्तर भएन भने उपभोक्ताको छनौटमा पर्दैन । १८८० किलोमिटर खुल्ला सिमाना भएकाले आयाती बस्तुसँग प्रतिस्पर्धा गर्न सक्तैन । प्रतिस्पर्धा गर्न नसकेपछि उत्पादक शक्ति निरास हुन्छ । निरास उत्पादकशक्ति पलायन हुन थाल्छ । यसपछि उत्पादन घट्छ, अनि आयात बढ्छ, अनि व्यापार घाटा बढ्दै जान्छ । यो चक्रलाई बुझेर उत्पादक शक्तिलाई प्रोत्साहन गर्ने कार्यले मात्र आयात प्रतिस्थापन गर्न बल पुऱ्याउँछ ।

आजको युगमा जसको हातमा वीउ वीजन र प्रविधिको नियन्त्रण छ उसको उत्पादनमा नियन्त्रण हुन्छ । उत्पादनमा जसको नियन्त्रण हुन्छ, अर्थतन्त्रमा उसकै नियन्त्रण हुन्छ । जस्को अर्थतन्त्रमा नियन्त्रण हुन्छ राजनीतिक क्षेत्रमा पनि उस्कै नियन्त्रण हुँदै जान्छ । यस्तो अवस्थमा स्वाधिनता सम्वृद्ध अर्थतन्त्रको निर्माणकालागि राज्य, सहकारी र निजी क्षेत्रले उत्पादकत्व वृद्धि र सामाजिक न्यायको आधार निर्माण गर्ने कार्यलाई राष्ट्रिय सम्वृद्धिसँग गाँसेर हेर्नुपर्छ । यसै अर्थमा आयात प्रतिस्थापन र सामाजिक न्यायकोलागि सहकारी क्षेत्रलाई शसक्त क्षेत्रको रूपमा विकास गर्न जरूरी छ । सँगसँगै आयात प्रतिस्थापन गर्ने गरी उत्पादनशिल क्षेत्रमा अघि बढ्न चाहने निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्न जरूरी छ । राज्यले पनि सोहि अनुसारको नीति तथा कार्यक्रम ल्याउन जरूरी छ । त्यस्तो खालको उत्पादन प्रणाली जस्ले सामाजिक न्यायलाई दिगो विकासको जगको रूपमा लिन सकोस् ।

## सामाजिक न्यायमा सहकारी

विकास रणनीतिका मुख्य अंश गरीवी न्यूनीकरण गर्नु, असमानताका आधार कम गर्दै लानु, आय वृद्धि गर्दै लानु, समग्र आर्थिक विकासको गति तिब्र पार्नु, मानव क्षमता विकासमा गति दिनु विकास रणनीतिका महत्वपूर्ण क्षेत्र मानिन्छ । आर्थिक विकासको प्रतिफल सर्वसाधारणसम्म कसरी पुऱ्याउने, आय वितरणमा समतामूलक कसरी पुऱ्याउने, आय वितरणलाई समान कसरी पार्ने यी महत्वपूर्ण क्षेत्र हुन् । तर माथिल्लो वर्ग मात्र होइन मध्यम वर्गको ठूलै हिस्सा लोकतन्त्रको लाभ आफूसम्म पुगोस् तलकालाई जेसुकै होस भन्ने खालको देखिएको छ । यो अत्यन्त साँघुरो सोचाई हो । आफूसम्म आओस् तल जेसुकै होस् भन्ने चिन्तनले सहकारीमा पनि प्रवेश गर्न थालेको छ । यस्तो चिन्तन सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता अनुरूप होइन । हेरक सहकारीकर्मीले र सहकारी मैत्री विचार राख्ने नीति निर्माताहरु, अर्थविद्हरूले यस्मा गम्भीर हुनै पर्छ ।

आधुनिक कृषि, आधुनिक शिक्षा, ठूला-ठूला परियोजनालगायतका कुरा आउछन् । यस्तो विषय पनि जरूरी छन् । तर भूमिहीन किसानलाई ठूला-ठूला सिंचाई योजनाले सम्वोधन गर्दैन । मल, विउ, सडक विस्तारका कुराले प्रभाव पार्दैन, ठूला-ठूला बैंक, वित्तीय संस्थाले सम्वोधन गर्दैन । हाम्रो देशका ५५ लाख परिवारमध्ये १० लाख भूमिहीन किसानसँग खेति गर्ने जमिन छैन । २ लाख परिवारसँग खेति गर्ने जमिन मात्र हैन घरवासको लागि जमिन पनि छैन । यस वारेमा सोच्ने कस्ले ? यसैकारण सामाजिक न्यायको आधार निर्माण गर्न, सम्पत्तिमा पहुँच नभएका सबैमा पहुँच पुऱ्याउने आधार तयार गर्न जरूरी छ । यसका लागि सबै सहकारीकर्मी र सहकारी आन्दोलनका अगुवाहरूले आफ्नो कार्यक्षेत्र भित्रका विपन्न समुदायलाई सम्बोधन गर्न, तिनको जीवनस्तर माथि उठाउन, उत्पादनका साधन विहीन र वित्तिय पहुँच विहीन समुदायको जीवन उठाउन, सहकारी तथा गरीवी निवारण मन्त्रालय, विभाग, वोर्ड, सबै केन्द्रीय संघ, जिल्ला संघ र प्रारम्भिक सहकारी संस्थाले आ-आफ्नो कार्यक्षेत्रमा भूमिका निभाउँनु पर्छ । सहकारी सामाजिक न्याय र उत्पादकत्व वृद्धि सँगसँगै अघि बढाउने क्षेत्र भएकाले आयात प्रतिस्थापन र सामाजिक न्यायलाई सँगसँगै लैजान योगदान गर्न सक्छ ।

## सामाजिक न्याय केवल आर्थिक विषय मात्रै होइन

सहकारी एक सामाजिक व्यवसाय हो । सहकारीले सामाजिक न्याय र उत्पादकत्व वृद्धि र समतामूलक वितरण प्रणालीलाई जोड दिन्छ । प्राकृतिक श्रोत साधनमा पहुँच, पूर्वाधार विकासको प्रतिफलमा पहुँच, शिक्षा सूचना र प्रविधिमा पहूँच, पूर्वाधार विकासको प्रतिफलमा पहुँच, शिक्षा सूचना र प्रविधिमा पहूँच हुने र नहुनेमा धेरै फरक पर्छ । हाम्रो देशमा श्रोत साधनको असमान वितरण छ । महिला, दलित, अल्पसंख्यक समुदाय, दुर्गम तथा पछाडि परेका क्षेत्रका समुदायले भएकै श्रोत, साधन र सुविधाहरूमा पहुँच पाएका छैनन् । संवैधानिक र कानुनी रूपमा विभेद गर्न नपाइने भनिएता पनि व्यवहारमा सामाजिक भेदभाव घटेपनि हटेको छैन । सामाजिक न्याय प्राप्तिको आधार आर्थिक साधन श्रोतमा पहुँच मात्रै होइन । मानव क्षमता वृद्धिका लागि शिक्षा, तालिम, प्रशिक्षण, प्रविधिको प्रयोगमा पछाडि परेपछि धेरै क्षेत्रमा पछि पर्ने खतरा हुन्छ । यसरी मानविय क्षमतामा कमी हुने भनेको पढ्ने लेख्ने, सूचना प्राप्त गर्ने अवसरको कमिले हुने गर्दछ ।

सामाजिक भेदभाव पनि अझै हटेको छैन । उत्पादनका साधनमा पहुँचको कमि, आयमा कमि, भूमिहिनताको अवस्था, परम्परागत प्रविधि, सरकारी सेवा सुविधाको प्राप्तिमा कमि, आर्थिक शोषण, भ्रष्टाचार, प्राकृतिक प्रकोप, वाढी पहिरो, उत्पादकताको कमि, कुपोषण, खाद्य असुरक्षा, वित्तीय पहूँचको कमि, अपाङ्गता, कमजोर स्वास्थ्य, अचेतना र निरिहता घटेपनि हट्न सकेको छैन । यस्तो अवस्थाबाट सिङ्गै समाजलाई मुक्त गर्न, सामाजिक न्यायका आधार निर्माण गर्न, देशभरी छरिएर रहेका हजारौं सहकारी संघ/संस्था, लाखौं सहकारीकर्मीले आ-आफ्नो कार्यक्षेत्रभित्र सवल र सक्षम सहजकर्ताको रूपमा भूमिका निभाउनु पर्छ ।

## कूल गार्हस्थ उत्पादन र सामाजिक न्याय

कूल गार्हस्थ उत्पादन २०४८ सालमा १०० अर्ब थियो । अहिले १९०० अर्ब पुगिसकेको छ । प्रतिव्यक्ति आय पनि बढेको छ । तर आजपनि भूमिहिन किसान, गरीव, किसान, मुक्तकमैया, हलिया, कृषिश्रमिक र दलित बस्तिमा प्रगति भएको छैन । तराई र पहाडका दलित वस्तिमा आजपनि नयाँपन आउन सकेको छैन । सामाजिक न्यायको आधार निर्माण गर्न अझपनि धेरै काम गर्न बाँकि छ । हाम्रो

देशमा मात्र होइन छिमेकी भारतमा पनि स्थिति त्यस्तै छ । १ अर्व २१ करोड जनसंख्या भएको भारतमा चरम गरीवीमा बाँचेका जनता ३७ करोड भन्दा बढी छन् । दतिल वस्तिमा नेपालको भन्दा पनि वेहाल छ । नवउदारवादले व्यक्तिगत स्वतन्त्रताको वकालत गर्छ तर सामाजिक न्यायका वारेमा बोल्दैन । भारतमा १९९० पछि आर्थिक विकासमा गति आएको छ । तर सामाजिक न्यायका क्षेत्रमा अझै कमजोर छ । भर्खरै १५ दिन पहिले आएको भारतीय बजेटमा "६ करोड ट्वाइलेट बनाउने" कुरा आउनुले शौचालय विहिन घरपरिवारबारे दृश्य देखाउँछ । ठूला ठूला हवाइ मैदान, सडक, रेल, विशाल जहाज बन्नुपर्छ, बनाउनुपर्छ । सँगसँगै उत्पादनका साधन विहिन समुदायलाई माथि उठाउन राज्यले, सहकारीले र निजी क्षेत्रले पनि सक्दो प्रयास गर्नैपर्छ ।

नेपालले सन् २०२५ सम्म सिङ्गै समाजलाई भोक समस्याबाट मुक्त गर्ने घोषणा गरेको छ । सन् २०२२ सम्ममा अतिकम विकसित देशबाट विकासउन्मुख देशको रुपमा लाने भनेको छ । विकासोन्मुख देशको रुपमा जान प्रतिव्यक्ति आय अहिलेको ७७७ डलरबाट १२०० डलर पुऱ्याउनु पर्छ । प्रतिव्यक्ति आय त्यति पुऱ्याउँन त २०/३० जना विनोद चौधरी जस्ता भएभने पनि पुग्ला । तर त्यतिबेला सिराहा, सप्तरी, धनुषा, महोत्तरीका मुसहर वस्तीमा परिवर्तन आउँछ कि आउँदैन, कर्णालीका ५ जिल्ला बाजुरा, बझाङ, जाजरकोटका आम श्रमजीवी जनता र त्यहाँका विश्वकर्मा, सूचीकार, चर्माकारहरुको घरमा उज्यालो पुग्छ कि पुग्दैन, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङका मुक्त कमैया र डडेँलधुरा, वैतडी, वझाङ, बाजुराका हलियाको जीवनमा परिवर्तन आउँछ कि आउँदैन ? ५५ लाख परिवार भएको हाम्रो देशबाट ३५ लाख भन्दा बढी श्रमको खोजीमा विदेश जानु नपर्ने हुन्छ कि हुँदैन ? प्रश्न यो हो ।

यसकारण हाम्रो देशको संविधानले देश विकासका लागि सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि सहकारी, निजी र सरकारी तीनै क्षेत्रको विकासकालागि सशक्त ढंगले अघी बढ्नु पर्ने कुरा ल्याएको छ । त्यस्लाई व्यवहारमा अघी बढाउन, ४६ लाख भन्दा सहकारीकर्मी र करीव ३ लाख संचालक तथा लेखा समितिको जिम्मेवारी वोकेका सहकारीका अगुवाहरुलाई प्रोत्साहन गर्ने कार्य राज्यको हो । तालिम, प्रशिक्षण, पूर्वाधार, प्रविधिको पहूँच पुऱ्याउने दायित्व राज्यको हो । त्यसैगरी सम्पूर्ण सहकारीकर्मीले उत्पादनसिल क्षेत्रमा (वस्तु तथा सेवा उत्पादन) लागेर सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि नयाँ नयाँ क्षेत्रको विकास गर्न जरुरी छ । यसपालिको राष्ट्रिय सहकारी दिवसको मुख्य थिम (ध्येय) "आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी" राख्नुको कारण पनि यहि हो । हाम्रो देश भएर पनि नभएको जस्तो, गरेर पनि नगरेको जस्तो छ । यस्तो अवस्थालाई तोड्न, जमीन जंगल, जल, जडीवुट्टि, खनिज पदार्थ र मानव श्रोत, मानव क्षमतालाई सशक्त ढंगले परिचालन गरेर सम्वृद्ध नेपालको निर्माण गर्न लागि परौं । आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारीकर्मीहरु अघी बढौं ।

# एग्रीटेरा नेदरलेण्डको केन्द्रीय चिया सहकारी संघ लि. नेपालमा भ्रमण



एग्रीटेरा नेदरलेण्डको भ्रमण टोली राम्चे चिया उत्पादक सहकारी संस्था धनकुटामा

एग्रीटेरा नेदरलेण्ड, विगत ३ बर्ष देखि केन्द्रीय चिया सहकारी संघ लि. नेपालको सहयोगी संस्थाको रूपमा कार्य गर्दै आएको संस्था हो । यस संस्थाले नेपाल केन्द्रीय चिया सहकारी संघ मार्फत संघमा आबद्ध सहकारीहरूको क्षमता अभिबृद्धि तथा केन्द्रीय सहकारी संघ लि. नेपालको संस्थागत विकासको लागि विविध सहयोगहरु पुऱ्याउँदै आएको छ । यस एग्रीटेरा नेदरलेण्डका सल्लाहकार प्रतिनिधि बर्टकेन दि लिडे (Bertken de Leede) तथा नेरदलेण्डको कृषि तथा सहकारी विज्ञ इजब्राण्ड स्नोइजे (IJsbrand Snoeij) द्वारा २०७१ मंसिर १६ देखि २१ सम्म केन्द्रीय चिया सहकारी संघ लि., चिया उत्पादक सहकारी संघ धनकुटा, तेह्रथुम तथा धनकुटा र तेह्रथुमको सदस्य सहकारीहरुमा भ्रमण गर्नुभएको थियो । एग्रीटेरा नेदरलेण्डको आर्थिक सहयोगमा केन्द्रीय चिया सहकारी संघ नेपालले सहकारीहरुको संस्थागत विकासका लागि सञ्चालन गरिएको विविध कार्यक्रमहरुको नतिजा मुल्याङ्कन तथा केन्द्रीय सहकारी संघ सँग आगामी दिनहरुमा गर्न सकिने विषयहरुमा छलफल भएको थियो । उक्त भ्रमण कार्यक्रमको क्रममा धनकुटा तथा तेह्रथुम स्थित ६ प्रारम्भिक सहकारीहरुको पनि स्थलगत भ्रमण गर्नुभएको थियो । यसै क्रममा मंसिर १७ गते धनकुटा स्थित पन्चकन्या चिया उत्पादक सहकारी संस्था लि, धनकुटा हिले स्थित मकालु चिया उत्पादक सहकारी संस्था लि. र पाखीबास स्थित राम्चे चिया उच्पादक सहकारी संस्था लि. भ्रमण गर्नु भएको थियो । मंसीर १८ गते तेह्रथुमको ओख्रे स्थित कुलकुले चिया उत्पादक सहकारी संस्था, तेह्रथुम सोल्मा स्थित सिंहदेवि चिया उत्पादक सहकारी संस्था लि., मंसिर १९ गते तेह्रथुम जिरीखिम्ती स्थित जलकन्या चिया उत्पादक सहकरी संस्था लि को स्थलगत अवलोकन भ्रमण गर्नुभएको थियो । उक्त भ्रमण कार्यक्रमा केन्द्रीय चिया सहकारी संघ लि. का महा-सचिव रविन राई, सञ्चालक सदस्य पूर्ण वहादुर मुखिया, सञ्चालक सदस्य तथा चिया उत्पादक सहकारी संघ धनकुटाका अध्यक्ष ईन्द्र सारू मगर, सञ्चालक सदस्य तथा चिया उत्पादक सहकारी संघ तेह्रथुमका अध्यक्ष शंकर खनाल तथा सहकारी सहजकर्ता अम्बिका थापा, दिल कुमारी लिम्बु लगायतको सहभागिता रहेको थियो । मंसिर १९ र २० गते केन्द्रीय चिया सहकारी संघ नेपालको पदाधिकारीहरु सँग धनकुटामा सयुक्त बैठक वसी आगामी वर्षमा गर्न सकिने सल्लाहकारीय तथा संस्थागत विकास सहयोगको वारेमा छलफल भएको थियो । उक्त बैठकमा संघका अध्यक्ष गोविन्द प्रसाद दाहाल, उपाध्यक्ष राजेन्द्र कुमार जबेगु, महासचिव रविन राई, सञ्चालक सदस्य पूर्ण मुखिया, सञ्चालक सदस्य शंकर खनाल, सञ्चालक सदस्य ईन्द्र सारू मगर, संघका आन्तरिक लेखा समितिका सदस्य हर्क तामाङ्ग, संघका लेखा अधिकृत योगेश्वर दाहाल सहकारी सहजकर्ता अम्बिका थापा, दिलकुमारी लिम्बुलगायतको उपस्थिति रहेको थियो ।